# गार्ड द गस्पल

# (GUARD THE GOSPEL)

INDIAN CHURCH OF CHRIST

# <u>विषयसूची (Contents)</u>


१. परमेश्वर को हुनुहुन्छ **(Who is God?)**

२. परमेश्वरको खोजी **(Seeking God)**

३. येशू परमेश्वर हुनुहुन्छ **(Jesus is God)**

४. येशूको शिक्षाहरु **(Jesus' Teachings)**

५. परमेश्वरको वचन **(Word of God)**

६. पापको अध्ययन **(Sin)**

७. क्रूसको अध्ययन **(Cross)**

८. पश्चातापको अध्ययन **(Repentance)**

९. बप्तिस्माको अध्ययन **(Baptism)**

१०. मण्डलीको अध्ययन **(Church)**

११. शिष्यत्व **(Discipleship)**

१२. चुकाउनुपर्ने मुल्य **(Counting the Cost)**

१३. पवित्र आत्माको अध्ययन **(Holy Spirit)**

# 1. परमेश्वर को हुनुहुन्छ ?

**उद्देश्य : यस अध्ययनको मुख्य उद्देश्य भनेको बाइबलमा उल्लेखित परमेश्वरको बारेमा जान्नु हो : उहाँ जीवित परमेश्वर हुनुहुन्छ ।**

## 1. प्रेरित/Acts 17:24-30

**"परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न। किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं।'**
**"तब हामी परमेश्वरका सन्तान भएका हुनाले, परमेश्वर सुन, चाँदी वा पत्थरजस्तै हो भनी हामीले ठान्नुहुँदैन– यिनीहरूचाहिँ मान्छेका कला र कल्पनाका प्रतिरूप मात्र हुन्। यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ।**

### वचन/verse 24

अनुसार परमेश्वर को हुनुहुन्छ ? परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ । (बाइबलको अनुसार परमेश्वर कहाँ बस्नुहुन्न ? परमेश्वर मानिसको हातले रचेका मन्दिर वा भवनमा वास गर्नुहुन्न )

### वचन/verse 25

अनुसार, के परमेश्वरले हामीबाट केही अपेक्षा गर्नुहुन्छ ? गर्नुहुन्न । किन ? किनकि उहाँले नै हामीलाई सबै थोक दिनुहुन्छ ।

### वचन/verse 26

(परमेश्वरले हामीलाई बनाउनुभयो र हाम्रो निम्ति वासस्थानहरु तोकिदिनुभयो- काठमाण्डौ, पोखरा, विराटनगर ईत्यादि..... तपाई अहिलेयहाँ किन हुनुहुन्छ ? यो परमेश्वरको योजना हो । किन होला ? किनकि हामी सबैले उहाँलाई खोजी गरेको र भेट्टाएको उहाँ चाहनुहुन्छ । परमेश्वर हामीसँग सम्बन्ध गाँस्न चाहनुहुन्छ । के मानिसहरुले भनेजस्तै उहाँ टाढा (पहाडको टुप्पोमा वा समुन्द्र पारि वा लामो यात्रामा जानुपर्ने) हुनुहुन्छ ? हुनुहुन्न । बाइबलले बताउँछ कि उहाँ हाम्रै नजिक हुनुहुन्छ। यदि हामीले उहाँलाई खोज्यौं भने भेट्टाउन सक्नेछौं ।

### वचन/verse 28

(हामी उहाँको सन्तान हौं भन्नुको मतलव के हो ? हामी परमेश्वरका बालबच्चा हौं । के हामी जीवित छौं ? यदि हामी परमेश्वरका सन्तान जीवित छौं भने परमेश्वर जीवित हुनुहुन्छ वा निर्जिव हुनुहुन्छ ? हाम्रो परमेश्वर जीवित हुनुहुन्छ ।

### वचन/verse 29

(यो वचनको मतलब के हो ? यसको मतलब परमेश्वर मानिसको कला र कल्पनाले बनिएको मुर्ति जस्तो हुनुहुन्न । हामीलाई कसले बनाउनुभयो ? परमेश्वर । के हामी परमेश्वरलाई बनाउन सक्छौं ? सक्दैनौं । यही कुरा आज सँसारमा भइरहेको छ , हामी मुल्य तिरेर बजारमा परमेश्वरलाई किन्न सक्छौं । यदि माटोले बनिएको हो भने हामी दश रुपैंयामा किन्न सक्छौं , यदि रङ लगाएको छ भने सय रुपैंयामा, यदि सूनको हो भने लाखौं रुपैयाँ र यदि हिरा वा मोतिको हो भने करोड रुपैयाँमा मानिसहरु किनवेच गर्दछन्। के धातु वा मुर्तिको सुन्दरताले परमेश्वर बन्न सक्छ र ? कुनै पनि हालतमा हुन सक्दैन । मानिसहरुले आज सृष्टिकर्तालाई भन्दा पनि सृष्टि गरिएका थोकहरु जस्तै : मुर्तिहरु, तस्विरहरु, चित्रहरु, सूर्य, चन्द्रमा, सर्पहरु, पुजिरहेका छन्।)

### वचन/verse 30

(जब हामीले जीवित परमेश्वरको बारेमा जान्दछौं, उहाँले हामीबाट के अपेक्षा गर्नुहुन्छ ? उहाँ हामीले पश्चाताप गरेको चाहनुहुन्छ । पश्चातापको मतलब हो फर्कनु । यसको मतलब हामी मुर्तिपूजालाई पुरै त्याग्नु हो । यसको बारेमा तपाइलाई के लाग्छ ? )

## 2. भजनसँग्रह/Psalm 135:15-17

**15जाति-जातिका मूर्तिहरू सुन र चाँदी हुन्, ती सब मानिसहरूका हातले बनिएका हुन्छन्।**
**16तिनीहरूका मुख छन्, तर बोल्न सक्दैनन्, आँखा छन्, तर देख्न सक्दैनन्।17तिनीहरूका कान**
**छन्, तर सुन्न सक्दैनन्। तिनीहरूले सास फेर्न सक्दैनन्।**

यस वचनले बताउँछ कि मुर्तिहरु निर्जिव हुन्छन्। - मुर्तिहरु मानिसहरुको हातले बनिएका हुन्छन्। के मानिसले परमेश्वरलाई बनाउन सक्छ र ? कदापि सक्दैन । मानिसहरु सृष्टिकर्ता लाई पूज्न छोडेर सृष्टि गरिएका कुराहरुलाई पूज्दैछन्। - मुर्तिहरुका विभिन्न अङ्गहरु हुन्छन् तर तिनीहरुले प्रयोग गर्न सक्दैनन्। तिनीहरुले मानिसहरुको प्रार्थनाको प्रतिक्रिया दिन सक्दैनन्। बरु मुर्तिहरु भन्दा मानिसहरु नै असल छन् किनकि मानिसहरुले त कमसेकम सुन्न, देख्न, बुझ्न र अनुभव गर्न सक्छन्। तर त्यसको मतलब मानिस भने कहिल्यै पनि परमेश्वर हुन सक्दैन । - मुर्तिहरुले सास फेर्न सक्दैनन्।

## 3. यर्मिया/Jeremiah 10:5

**खरबूजा बारीमा राखेका तर्साउने पुतलाजस्तै उनीहरूका मूर्तिहरू बोल्न सक्दैनन्। तिनीहरूलाई बोक्नु पर्छ, किनकि तिनीहरू हिँड्न सक्दैनन्। तिनीहरूदेखि नडराओ, किनभने तिनीहरूले केही खराबी गर्न सक्दैनन्, न त तिनीहरूले केही असल गर्न सक्छन्।"**

- मुर्तिहरु बारीमा राखेका तर्साउने पुत्लाहरु जस्तै हुन्छन्। पुत्लाहरुले केही त गर्न सक्दैनन् तर पनि कागहरु तिनीहरु देखि तर्सिन्छन्। मुर्तिहरुले मानिसलाई पनि केही गर्न सक्दैनन् तर पनि अन्धविश्वास र विभिन्न कहानीहरुको कारणले मानिसहरु सजिलै यस माथी विश्वास गर्दछन्। मुर्तिहरु शक्तिहिन हुन्छन्। त्यसकारण तिनीहरुदेखि नडराओ ।
- मुर्तिहरुलाई बोक्नुपर्छ किनकि तिनीहरु हिंड्न सक्दैनन्। यदि हामीले आफ्नो परमेश्वरलाई हिंड्नको लागि मद्दत चाहिन्छ भने हामी जस्तो कमजोर मानिसको हालत के होला?
- मुर्तिहरुदेखि नडराओ । तिनीहरुले केही खरावी गर्न सक्दैनन्। मुर्तिहरुको बारेमा रहेको सबै अन्धविश्वासहरुलाई त्यागिदेओ । तपाई कस्ता अन्धविश्वासहरुमा विश्वास गर्नुहुन्छ ? के तपाइलाई थाह छ कि परमेश्वरले दश आज्ञाहरुमा विशेष के भन्नुहुन्छ ? ल हेरौं ।

## 4. वव्यस्था/Deuteronomy 5:8-9

**8"आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। 9तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु,**

परमेश्वरले हामीलाई कुनै पनि प्रतिरुपमा मुर्तिहरु नबनाउन र त्यसको सामु ननिहुरनु भनी आज्ञा दिनुहुन्छ। के हामी परमेश्वरको आज्ञा भंग गर्न सक्छौं ? त्यसकारण हामीले कुनै पनि मुर्तिहरु, तस्विरहरु, वा मानिसहरुलाई नपूजेर सृष्टिकर्तालाई मात्र पुज्नुपर्छ । नयाँ करारमा पनि यसको बारेमा लेखिएको छ ।

## 5. १ कोरिन्थी/1 Corinthians 10:14

**यसकारण मेरा प्रिय हो, मूर्तिपूजाबाट अलग बस।**

मुर्तिपूजाबाट अलग बस । के तपाई त्यसको लागि तयार हुनुहुन्छ ? जब तपाई जँगली जनावर देख्नुहुन्छ, तपाई के गर्नुहुन्छ ? तपाई भाग्नुहुन्छ, टाढा जानुहुन्छ र त्यस ठाउँमा कहिल्यै पनि जानुहुन्न ।

## 6. प्रकाश/Revelation 21:8

**तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो।**

यहाँ मुर्तिपूजक हरुलाई पनि हत्याराहरु र व्यभिचारीहरु सँग गाभिएको छ। तिनीहरु सबैको हिस्सा भनेको नरक हो।

## 7. यूहन्ना/John 4:24

**परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।"**

यहाँ येशू आफै भन्नुहुन्छ - परमेश्वर आत्मा हुनुहुन्छ। यसको मतलव परमेश्वरको कुनै पनि स्वरुप छैन। हामीले उहाँलाई कुनै स्वरुपमा पूज्नुहुन्न किनकि उहाँको कुनैपनि स्वरुप हुँदैनन्।

**निष्कर्ष : तपाईले आज के सिक्नुभयो ? तपाईलाई आजको अध्ययनको बारेमा कस्तो लाग्यो ? के तपाइलाई यस अध्ययनले परमेश्वरको बारेमा सत्यता जान्न मदत गर्छ ? के तपाई अझ बढी सिक्न चाहनुहुन्छ ? परमेश्वरलाई प्रसन्न पार्नको लागि मुर्तिपूजालाई पुरै त्याग्नुपर्छ। के तपाई त्याग्न इच्छुक हुनुहुन्छ ?**

# 2. परमेश्वरको खोजी

**उद्देश्य : यस अध्ययनले परमेश्वरसँग कसरी सम्बन्ध गाँस्ने भन्ने बारेमा मदत गर्दछ ।**

## 1. मत्ती/Matthew 7:7, 13-14

**"माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ।**

**"साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुर्याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरू धेरै हुन्छन्। किनभने जीवनमा पुर्याउने ढोका साँघुरो हुन्छ र बाटो कठिन हुन्छ, जसले चाहिँ जीवनमा पुर्याउँछ, र त्यो भेट्टाउने थोरै नै हुन्छन्।**

बाइबलमा एउटा महान प्रतिज्ञा छ - जसले खोज्छ, त्यसले भेट्टाउँछ । त्यसको साथसाथै एउटा चेतावनी पनि छ - थोरैले मात्र भेट्टाउँछ । यदि थोरैले मात्र उहाँलाई भेट्टाउँछ भने कतिले उहाँलाई खोज्छन् त ?

## 2. लुका/Luke 13:22-30

**अब सहर–सहर र गाउँ–गाउँ भएर यात्रा गर्दै शिक्षा दिँदै उहाँ यरूशलेमतिर जानुभयो। कुनै एक जनाले उहाँलाई सोध्यो, "प्रभु, के उद्धार पाउनेहरू थोरै छन्?" तर उहाँले तिनीहरूलाई भन्नुभयो, "साँघुरो ढोकाबाट पस्ने प्रयत्न गर, किनकि, म तिमीहरूलाई भन्दछु, धेरै जना पस्न खोज्नेछन्, तर सक्नेछैनन्। घरका मालिकले उठेर ढोका बन्द गरिसकेपछि, तिमीहरू बाहिर उभेर यसो भन्दै ढोका ढकढक्याउनेछौ, 'प्रभु, हाम्रा निम्ति ढोका खोलिदिनुहोस्' , र उनले जवाफ दिएर भन्नेछन्, 'तिमीहरू कहाँबाट आएका हौ म चिन्दिनँ।' "तब तिमीहरू भन्न लाग्नेछौ, 'हामीले तपाईंकै सामुन्नेमा खायौं र पियौं, अनि हाम्रा गल्लीहरूमा तपाईंले शिक्षा दिनुहुन्थ्यो।' "उनले भन्नेछन्, 'म तिमीहरूलाई भन्दछु, तिमीहरू कहाँबाट आएका हौ म जान्दिनँ। दुष्ट काम गर्ने हो, मबाट दूर होओ। "जब तिमीहरूले अब्राहाम, इसहाक, याकूब र सबै अगमवक्ताहरूलाई परमेश्वरको राज्यभित्र देख्नेछौ, अनि तिमीहरू आफैचाहिँ बाहिर फालिएका हुन्छौ, तब तिमीहरू विलाप गर्नेछौ र दाह्रा किट्नेछौ। मानिसहरू पूर्व, पश्चिम, उत्तर र दक्षिणबाट आएर परमेश्वरका राज्यको भोजमा बस्नेछन्। हेर, पछिल्लाहरूचाहिँ पहिला हुनेछन्, र पहिलाहरूचाहिँ पछिल्ला।"**

थोरै मानिसहरु मात्र बच्नेछन्, त्यसैले उहाँलाई खोज्न प्रयत्न गर्नु जरुरी छ । तर जसले कोसिस मात्र गर्छन् तिनीहरु परमेश्वरको राज्यबाट बाहिर हुनेछन्। तपाई परमेश्वरलाई खोज्न कसरी हर प्रयत्न गर्नुहुन्छ?

## 3. मत्ती/Matthew 6:25-33

**"यसैकारण म तिमीहरूलाई भन्दछु, 'के खाउँला, के पिउँला' भनी आफ्नो प्राणको निम्ति र 'के लगाउँला' भनी आफ्नो शरीरको निम्ति फिक्री नगर।' के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन? आकाशका चराचुरुङ्गीलाई हेर। तिनीहरूले न त बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यवान् छैनौ र? तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो आयुमा एक घड़ी पनि थप्न सक्छ? "अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्दछन्, न धागो कात्छन्। तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र? यसकारण 'के खाऔंला?' कि 'के पिऔंला?' कि 'के पहिरौंला?' भनेर फिक्री नगर। किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ। तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्।**

तपाई परमेश्वरलाई पहिलो स्थान दिएर खोज्नको निम्ति तपाइको जीवनका के कस्ता फिक्रीहरु वा आवश्यकताहरुले बाधा पुऱ्याउन सक्छन्? तपाइले परमेश्वरको राज्य र धार्मिकतालाई पहिलो प्राथमिकतामा राख्नको लागि आफ्नो जीवनमा के कुराहरुमा परिवर्तन गर्नुपर्छ ?

## 4. हिब्रु /Hebrew 11:6

**विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।**

परमेश्वरलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ ।

## 5. मत्ती/Matthew 13:44-46

**"स्वर्गको राज्य कुनै एउटा खेतमा गाडी राखिएको गाड़धनजस्तो हो, जो एक जना मानिसले भेट्टाएर लुकाइराख्दछ, र आनन्दित भएर ऊ जान्छ र आफूसित भएका सबै बेच्छ, र त्यो खेत किन्छ। "फेरि स्वर्गको राज्य असल मोतीहरू खोज्ने एउटा व्यापारीजस्तो हो। त्यसले एउटा बहुमूल्य मोती भेट्टाएपछि गएर आफूसँग भएका सबै बेचेर त्यो मोती किन्यो।**

यहाँ एउटा व्यक्तिको बारेमा उदाहरण दिइएको छ, जसले बहुमुल्य गाडधन वा खजाना पाउनको लागि आफूसँग भएको सबै कुरा त्यागिदिन्छ ।

## 6. प्रेरित/Acts 8:26-39

**त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, "उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ। त्यहाँ मरुभूमिको बाटो छ।" अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोषाध्यक्ष थिए। उनी यरूशलेममा आराधना गर्न गएका थिए। उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया अगमवक्ताको पुस्तक पढ़िरहेका थिए। तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।" फिलिप तिनीकहाँ दौड़ेर गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढ़िरहेको सुनेर उनले सोधे, "तपाईंले पढ़िरहनुभएको कुरा बुझ्नुहुन्छ?" तब तिनले भने, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र?" अनि तिनले फिलिपलाई रथमा चढ़ी तिनको साथमा बस्ने अनुरोध गरे। अब तिनले पढ़िरहेका धर्मशास्त्रको खण्ड यो थियो, "जसरी भेड़ा काटिनलाई लगिन्छ, वा थुमा ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसले आफ्नो मुख खोलेन। उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन। उसको पुस्ताको बयान कसले गर्ने? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो।" तब ती नपुंसकले फिलिपलाई भने, "कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरू कसैको विषयमा?" तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए। अनि उनीहरू बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाउँनेर आइपुगे। ती नपुंसकले भने, "हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ?" [ फिलिपले भने, "यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ।" तिनले जवाफ दिए "येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु।" ] तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए। तर जब उनीहरू पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे।**

यहाँ एकजना परमेश्वरलाई खोज्ने व्यक्तिको उदाहरण दिइएको छ, जसले परमेश्वरलाई नम्र साथ पहिलो प्राथमिकता दिन्छ र उसले उहाँलाई भेट्टाउँछ र आनन्द प्राप्त गर्छ । यस इथियोपियाली नपुँसक व्यस्त मानिस थियो र उसले बाइबललाई परमेश्वरलाई भेट्टाउने साधनको रुपमा लिए पनि उसलाई परमेश्वरको खोजी गर्न मदत गर्नको लागि कोही व्यक्तिको आवश्यकता पऱ्यो ।

# <u>3. येशू परमेश्वर हुनुहुन्छ</u>

के तपाइले येशूको बारेमा सुन्नुभएको छ ? तपाइलाई येशूको बारेमा के थाह छ ? आजको अध्ययनले तपाइलाई येशूको बारेमा जान्न मदत गर्नेछ ।

## 1. कलस्सी/Colossians 2:9

**किनकि ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ।**

यस वचन अनुसार येशू शारीरिक रुपमा परमेश्वर हुनुहुन्छ । तपाई परमेश्वरमा जे देख्नुहुन्छ, सबै येशूमा पनि देख्नुहुन्छ । यसको मतलव येशू नै परमेश्वर हुनुहुन्छ । यसको मतलब स्वर्गमा हुनुहुने परमेश्वरको सबै गुणहरु येशूमा हुनुपर्छ । ति गुणहरु हामी तलका अनुच्छेदहरुमा हेर्नेछौं ।

## 2. मर्कुस/Mark 4:35:41

**तिनीहरू साह्रै भयभीत भए र आपसमा भन्न लागे, “यिनी को हुन्? बतास र समुद्रले पनि यिनको हुकुम मान्छन्।”**

येशूमा आँधी र हुरीबतास लाई नियन्त्रण गर्ने शक्ति छ । सबै प्राकृतिक कुराहरुलाई नियन्त्रण गर्ने शक्ति को सँग छ ? परमेश्वर, त्यसको मतलब येशू नै परमेश्वर हुनुहुन्छ । उहाँ सर्वशक्तिमान हुनुहुन्छ ।

## 3. मर्कुस/Mark 1:40-42

**अनि एक जना कुष्ठरोगी उहाँकहाँ आएर घुँड़ा टेक्दै यसो भनेर बिन्ती गर्यो, “तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ।” तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, “म इच्छा गर्दछु, तिमी निको भइजाऊ।” त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो, र त्यो निको भइहाल्यो।**

येशूले कुनै पनि रोगलाई निको पार्न सक्नुहुन्छ । उहाँसँग कुनै पनि मानिसलाई निको पार्ने शक्ति छ । येशू परमेश्वर जस्तै करुणाले भरिपूर्ण हुनुहून्छ । उहाँले कुष्ठरोगी लाई छुनुभयो । उहाँले गरीबहरु प्रति दया देखाउनुहुन्छ ।

## 4. लूका/Luke 7:36-39, 45-50

**फरिसीहरूमध्ये एक जनाले उहाँलाई भोजन गर्न निम्तो दिए, र उहाँ त्यस फरिसीको घरमा गएर खान बस्नुभयो। त्यस सहरमा एउटी पापी स्त्री थिई। फरिसीको घरमा येशू खान बस्नुभएको छ भन्ने**

**सुनेर, र एउटा सिङ्गमरमरको शीशीमा अत्तर लिएर त्यो त्यहाँ आई, र पछिल्तिरबाट उहाँका पाउनेर उभिएर, रुँदै उहाँका पाउ आँसुले भिजाउन लागी, र आफ्नो शिरका कपालले पुछदै उहाँका पाउलाई चुम्बन गरी, र त्यो अत्तर घस्न लागी। उहाँलाई निम्तो गर्ने फरिसीले यो देखेर मनमनै यसो भन्न लागे, "यिनी अगमवक्ता हुँदा हुन् ता यिनलाई छुने को र कस्ती स्त्री हो भनी यिनले जान्नेथिए, किनकि यो त पापीनी हो।"**

**तिमीले मलाई चुम्बन गरेनौ, तर यसले त, यहाँ म आएदेखि, मेरा पाउ चुम्बन गर्न छोड़ेकी छैन। तिमीले मेरो शिरमा तेल घसिदिएनौ, तर यसले त मेरा खुट्टामा अत्तर घसेकी छे। यसकारण म तिमीलाई भन्दछु, यसका पाप, जो धेरै छन्, क्षमा भएका छन्, किनकि यस स्त्रीले बढ़ी प्रेम देखाई। तर जसलाई थोरै क्षमा गरिन्छ, त्यसले थोरै प्रेम गर्दछ।" अनि उहाँले त्यस स्त्रीलाई भन्नुभयो, "तिम्रा पाप क्षमा भएका छन्।" खान बस्नेहरूले आपसमा भन्न लागे, "पाप क्षमा गर्ने यिनीचाहिँ को हुन्?" उहाँले त्यस स्त्रीलाई भन्नुभयो, "तिम्रो विश्वासले तिमीलाई बचाएको छ, शान्तिसाथ जाऊ।"**

यो स्त्री धेरै पापी थिई किनकि पुरै शहरलाई उनको पापको बारेमा थाह थियो । तर पनि येशुले यी स्त्रीमाथी प्रेम र दया देखाउनुभयो । येशू पापीहरुलाई प्रेम गर्नुहुन्छ । कसले मात्र पाप क्षमा गर्न सक्छ ? परमेश्वरले मात्र सक्नुहुन्छ । येशूले यस स्त्रीलाई परमेश्वरले जस्तै क्षमा गर्नुभयो । तब येशू को हुनुहुन्छ ? येशू नै परमेश्वर हुनुहुन्छ । उहाँले त्यस स्त्रीको पाप क्षमा गर्नुभयो । उहाँले तपाईको पाप पनि क्षमा गर्न सक्नुहुन्छ ।

## 5. १ यूहन्ना/1 John 3:5

**पाप हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरू जान्दछौ। र उहाँमा कुनै पाप छैन।**

येशू तपाई र मेरो पाप उठाउन आउनुभयो । के येशूले आफ्नो जीवनमा कहिल्यै पाप गर्नुभयो ? गर्नुभएन । हामी कसमा कुनै पनि पाप भेट्टाउँदैनौं ? परमेश्वरमा मात्र । त्यसो भए येशू को हुनुहुन्छ ? म विश्वास गर्दछु कि उहाँ परमेश्वर हुनुहुन्छ । जो पापरहित छ त्यसले मात्र पापमा भएको व्यक्तिलाई बचाउन सक्छ । परमेश्वर हुनको निम्ति त्यो व्यक्ति पापरहित हुनुपर्छ । यदि कोही सँग एउटा मात्र पनि पाप छ भने त्यो परमेश्वर हुन सक्दैन । अरु देवीदेवताहरु कस्तो होला ? के तिनीहरु पापरहित छन्? के तिनीहरु सिद्ध छन्? यदि तिनीहरु सिद्ध छैनन् भने के तिनीहरु परमेश्वर हुन सक्छन् र ? तिनीहरुले गर्ने राम्रा कामहरुले गर्दा परमेश्वर हुन सक्दैनन्। तिनीहरु पापरहित नभएको कारणले तिनीहरुलाई परमेश्वर भन्न सक्दैनन्।

## 6. व्यबस्था/Deuteronomy 5:7

**म बाहेक अरू कुनै देवी-देवताहरू नमान्नू।**

परमेश्वरले अरु देवीदेवताहरु नमान्नु भनी आज्ञा गर्नुभएको छ किनकि बाइबल अनुसार परमेश्वर एउटै मात्र हुनुहुन्छ ।

## 7. प्रेरित/Acts 4:12

**अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।"**

येशूको नामबाट मात्र सारा सँसार बच्न सक्छ । पृथ्वीमा अरु कुनै पनि नाउँ दिइएको छैन । येशूको नाउँमार्फत मात्र तपाई बच्न सक्नुहुन्छ र स्वर्ग जानुहुन्छ ।

## 8. यूहन्ना/John 14:6

**येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।"**

येशू भन्नुहुन्छ - उहाँ मात्रै बाटो हुनुहुन्छ । यसको मतलब स्वर्ग जाने उहाँबाहेक अरु कुनै पनि बाटो छैन। येशू मात्र पूरा सत्य हुनुहुन्छ । हरेक धर्महरुमा केही सत्यता छन् तर पूरा सत्यता येशूमा मात्र पाउन सकिन्छ । येशू जीवन हुनुहुन्छ , र उहाँद्वारा मात्र हामीले अनन्त जीवन पाउन सक्छौं ।

**निष्कर्षमा : आज तपाईले येशूको बारेमा के कुरा सिक्नुभयो ? येशू को हुनुहुन्छ ? अरु देवीदेवताहरु के हुन् ? के तपाई येशूलाई पछ्याउन चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने उहाँलाई मात्र पछ्याउनुपर्छ । तपाई येशू र अरु देवीदेवताहरुलाई सँगै पूज्न सक्नुहुन्न । येशूलाई पछ्याउने मानिसहरुलाई अरुले के भनेर बोलाउँछन् ? ख्रिष्टियान । यदि तपाईले येशूलाई पछ्याउनुभयो भने अरुले तपाईलाई के भनेर बोलाउँछन्? ख्रिष्टियान । त्यसको लागि तपाई तयार रहनुपर्ने हुन्छ ।**

# 4. येशूको शिक्षाहरु

यो अध्ययन पुरै यूहन्नाको पुस्तक बाट रहेको छ । यस अध्ययनले येशूको शिक्षा र भनाईहरुको बारेमा जान्न मदत गर्छ र येशूको बारेमा गहिरो दृढ विश्वास विकास गर्न मदत गर्छ ।

## 1. यूहन्ना/John 3:1-5

**फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए। तिनी यहूदीहरूका महासभाका एक सदस्य थिए। यिनी राती येशूकहाँ आए, र उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन।" येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" निकोदेमसले उहाँलाई भने, "मानिस बूढ़ो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?" येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन।**

हामी यहाँ देख्छौँ कि येशूले शिक्षकहरुलाई पनि सिकाउनुहुन्थ्यो । येशूले भन्नुभयो कि परमेश्वरको राज्यमा प्रवेश गर्नको लागि फेरी जन्मिनुपर्छ । यसको मतलब तपाईले फेरी नयाँ जीवन शुरुवात गर्नुपर्छ । के तपाई फेरी जन्मिन चाहनुहुन्छ ? येशूले तपाईलाई फेरी नयाँ जीवन जीउने मौका दिनुहुन्छ ।

## 2. यूहन्ना/John 3:16-18

**"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन।"**

- परमेश्वरले ख्रिष्टियान मात्र नभई सारा सँसारलाई प्रेम गर्नुहुन्छ । येशू सबै मानिसहरुका निम्ति आउनुभयो। धेरै मानिसहरुले विश्वास गर्छन्कि येशू ख्रिष्टियानहरुको मात्र परमेश्वर हो ।
- तर बाइबलले यहाँ बताउँछ – येशू यस सँसारमा रहेको हरेक मानिसहरुको लागि आउनुभएको हो । परमेश्वरले कोही पनि नष्ट भएको चाहनुहुन्न । उहाँले हरेक पृष्ठभूमि, जातजाति, र धर्मसमुदायका मानिसहरुलाई बचाउन चाहनुहुन्छ । यदि तिनीहरुले येशूमा विश्वास गरे भने मात्र बच्न पाउनेछन्।

## 3.. यूहन्ना/John 5:5-6

**त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक जना मानिस थियो। येशूले त्यसलाई त्यहाँ पल्टिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई भन्नुभयो, "के तिमी निको हुन चाहन्छौ?"**

यो मानिस ३८ बर्षदेखि कष्ट भोगिरहेको छ । हामी आत्मिक रुपमा पापमा धेरै बर्षदेखि पीडामा छौँ । यदि येशू यहाँ आएर तपाईलाई सोध्नुभयो : के तिमी निको हुन चाहन्छौ ? के तिमी परिवर्तन गर्न चाहन्छौ? तपाई के भन्नुहुन्थ्यो होला ? सायद तपाइको जीवनमा यो एउटा मौका हुन सक्छ । यस मौकालाई नगुमाउनुहोस्।

## 4. यूहन्ना/John 6:35

**येशूले तिनीहरूलाई भन्नुभयो "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन।"**

येशूले उहाँमा आउनेहरुलाई पोषित गर्नुहुन्छ । येशू आफैलाई आत्मिक पोषणको स्रोतको रुपमा दर्शाउनुहुन्छ।

## 5. यूहन्ना/John 8:12

**येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ।"**

येशु ज्योति हुनुहुन्छ । यदि तपाई येशूलाई पछ्याउनुहुन्छ भने पुरै अन्धकारबाट निस्कनुपर्छ । आज तपाई अन्धकार वा ज्योति के मा हुनुहुन्छ ? यदि तपाई अन्धकारमा हुनुहुन्छ भने येशूले ज्योतिमा ल्याउन सक्नुहुन्छ ।

## 6. यूहन्ना/John 8:46

**तिमीहरूमध्ये कसले मलाई पापको दोष लाउन सक्छ? यदि म सत्य बोल्दछु भने, किन तिमीहरू ममाथि विश्वास गर्दैनौ?**

येशूमा कुनै पनि पाप थिएन । उहाँले मानिसहरुलाई खुला रुपमा आफूलाई पापको दोषी लगाउन चुनौती गर्नुभयो ।

## 7. यूहन्ना/John 11:25

**येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मर्यो भने पनि जीवित हुनेछ।"**

येशू पुनरुत्थान हुनुहुन्छ । उहाँले अनन्त जीवनको प्रतिज्ञा गर्नुभएको छ । उहाँले पुनर्जीवनको प्रतिज्ञा गर्नुभएन, किनकि मृत्यूपछि मानिसले न्यायको लागि पर्खिनुपर्छ । येशूले हामीलाई पुनरुत्थान को प्रतिज्ञा गर्नुभएको छ किनकि उहाँ आफै मृत्यूबाट बौंरी उठ्नुभएको थियो । येशूले उहाँलाई पछ्याउनेहरु सबैलाई अनन्त जीवनको प्रतिज्ञा गर्नुहुन्छ ।

## 8. यूहन्ना/John 12:48

**मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ।**

येशूले बोल्नुभएको वचनहरुले नै अन्तिम न्यायको दिन हामीलाई न्याय गर्नेछ । त्यसकारण हामी उहाँको वचनलाई सुन्ने र सिक्ने मात्र नभई पालना पनि गर्नु जरुरी छ ।

## 9. यूहन्ना/John 20:29

**येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।"**

हामी कसैले पनि येशूलाई देखेका छैनौं । यदि हामीले उहाँमा विश्वास गर्‍यौं भने हामी धन्यको हुनेछौं । त्यसकारण तपाईको विश्वास र भरोसा येशूमा राख्नुहोस्।

## 10. यूहन्ना/John 14:6

**येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।"**

येशू भन्नुहुन्छ कि उहाँ मात्रै बाटो हुनुहुन्छ । यसको मतलब स्वर्ग जाने उहाँबाहेक अरु कुनै पनि बाटो छैन । येशू मात्र पूरा सत्य हुनुहुन्छ । हरेक धर्महरुमा केही सत्यता छन्तर पूरा सत्यता येशूमा मात्र पाउन सकिन्छ । येशू जीवन हुनुहुन्छ , र उहाँद्वारा मात्र हामीले अनन्त जीवन पाउन सक्छौं । निष्कर्षमा : येशू जस्तो अरु कोही पनि छैन । येशू मात्र एउटा बाटो हुनुहुन्छ । के तपाई येशू मात्र एउटा बाटो हुनुहुन्छ भनी विश्वास गर्नुहुन्छ ? के तपाई येशुलाई पछ्याउन चाहनुहुन्छ ?

# 5. परमेश्वरको वचन

**उदेश्य : परमेश्वरको वचन अध्ययन गर्नुको उदेश्य भनेको येशूमाथी आफ्नो विश्वासलाई बलियो बनाउन मदत गर्नु हो । यदि कसैले येशू मार्फत सच्चा मुक्तिको बारेमा जान्नु छ भने त्यसले बाइबललाई आफ्नो जीवन जीउने आधारको रुपमा स्वीकार गर्नु जरुरी हुन्छ ।**

## 1. २ तिमोथी/2 Timothy 3: 16-17

**सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।**

सम्पूर्ण पवित्र शास्त्र परमेश्वरबाट प्रेरित भएको हो । यस वचनलाई हाम्रो जीवनमा प्रयोग गर्नु जरुरी छ।

## 2. हिब्रु/Hebrews 4:12-13

**किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ। परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा लुकेको हुँदैन। उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ।**

परमेश्वरको वचन जीवित, क्रियाशिल र सान्दर्भिक छ । उहाँको वचनले काट्ने काम गर्छ , र यसलाई तरवार सँग तुलना गरिएको छ । यसले हामी भित्र भएको पापहरुलाई काट्ने काम गर्छ ।

## 3. यूहन्ना/John 8:31-32

**येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।"**

बौद्धिक विश्वास र भावना अनुसार चलेर मात्र पुग्दैन । सबैजनाले येशूको वचनलाई पालना गर्ने कुरालाई ध्यान दिनुपर्ने हुन्छ । तब मात्र त्यो व्यक्ति ख्रिष्टियान बन्न सक्छ ।

## 4. मत्ती/Matthew 15:1-9

**यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू येशूकहाँ आए, र भने, "तपाईंका चेलाहरूले पुर्खाहरूको परम्परा किन भङ्ग गर्दछन्? किनकि तिनीहरू खान अघि आफ्ना हात धुँदैनन्।" उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू पनि किन आफ्ना परम्पराको खातिर परमेश्वरका आज्ञा भङ्ग गर्दछौ? किनभने परमेश्वरले भन्नुभएको छ, 'आफ्ना बुबा र आमाको आदर गर, र बुबा वा आमाको विरुद्धमा दुष्ट कुरा जसले बोल्छ, त्योचाहिँ निश्चय मारिनुपर्छ। तर तिमीहरूचाहिँ भन्दछौ, जसले आफ्ना बुबा वा आमालाई भन्छ, 'तपाईंले मबाट जे प्राप्त गर्न सक्नुहुन्थ्यो, सो परमेश्वरलाई चढ़ाइएको छ,' त्यसले आफ्ना बाबुको आदर गर्नुपर्दैन। यसरी तिमीहरूले आफ्नो परम्पराको खातिर परमेश्वरको वचनलाई बेकम्मा गराएका छौ। ढोंगी हो, यशैयाले तिमीहरूका विषयमा ठीकै अगमवाणी बोले, 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मबाट टाढ़ा छ। तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्।"**

चालचलनहरु र परम्परा अनुसार परमेश्वरको आराधना गर्नु व्यर्थ हुन्छ । हामीलेयसरी आराधना गर्दा परमेश्वरको वचन भँग हुन्छ भनी येशूले चेतावनी दिनुहुन्छ ।

## 5. १ तिमाथी/1 Timothy 4:16

**आफ्नो विषयमा र आफ्नो शिक्षाको विषयमा होशियार बस। यी कुरामा लागिरह। यसो गर्नाले तिमीले आफैलाई र सुन्नेहरूलाई समेत बचाउनेछौ।**

आफ्नो विषयमा र आफ्नो शिक्षाको विषयमा होसियार बस । यी दुईलाई छुट्टाउन सकिँदैन । तपाईको जीवन र शिक्षामा कुन चाहिँ बढी महत्वपूर्ण छ ? हवाइजहाजको पखेटा जस्तैः दुईमध्ये कुनचाहिँ बढी महत्वपूर्ण हुन्छ ?

## 6. प्रेरित/Acts 17:10-12

**भाइहरूले तुरुन्तै पावल र सिलासलाई राती नै बेरिया पठाइदिए, अनि जब तिनीहरू त्यहाँ पुगे तब तिनी यहूदीहरूको सभाघरभित्र गए। यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे। यसकारण यिनीहरूमध्ये धेरैले, साथै निकै जना उच्च घरानाका ग्रीक महिलाहरूले र पुरुषहरूले समेत विश्वास गरे।**

यहाँ बेरियामा बस्ने मानिसहरुको बारेमा उदाहरण दिइएको छ, जसले परमेश्वरको वचनलाई उत्सुकतासाथ ग्रहण गरे, र तिनीहरुले जे सुने, त्यो सत्य हो कि होइन भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे। हामीले परमेश्वरको वचनलाई दैनिक अध्ययन गर्ने र चिन्तन-मनन गर्ने बानी बसाल्नुपर्छ ।

## 7. मत्ती/Matthew 4:4

**तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ।"**

बाइबल अध्ययन किन गर्ने ? किनकि येशूले भन्नुभयो : मानिस रोटीले मात्र होइन तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ । जसरी हामी शरीर बाँच्नको लागि दैनिक रुपमा भोजन सेवन गर्छौं, त्यसरी नै हाम्रो विश्वासलाई जीवित राख्नको लागि दैनिक वचनलाई सेवन गर्नु जरुरी हुन्छ। **निष्कर्षमा : हामीले गम्भिर भएर परमेश्वरको वचनलाई अध्ययन गर्नुपर्छ ।**

## 6. पापको अध्ययन

**उदेश्य : यस अध्ययनको उदेश्य भनेको मानिसले आफूलाई पापी र पापको कारणले परमेश्वरबाट टाढा भएको महसुस गराउनु हो । यसले मानिसमा पश्चाताप र पापक्षमाको लागि इच्छा जगाउँछ ।**

### 1. यशैया/Isaiah 59:1-2

**निश्चय नै परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छैन, न त उहाँको कान सुन्न नसक्ने गरी बाक्लो भएको छ। तर तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ, र उहाँले तिमीहरूको कुरा सुन्नुहुनेछैन।**

हाम्रो पाप र अधर्मले हामीलाई परमेश्वरबाट अलग गराउँछ । जब हामी पाप गर्छौं, यो भनेको परमेश्वर र हामीबीच पर्खाल बनाउनु जस्तो हो । त्यसैले यो परमेश्वरको गल्ती होइन । हामी परमेश्वरमा नजिक हुनको लागि यस पापको पर्खाललाई तोड्नुपर्छ ।

### 2. रोमी/Romans 3:23

**किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।**

क-कसले पाप गरेका छन्? सबैले पाप गरेका छन्। त्यसैले हामी सबैलाई पापको क्षमाको जरुरी छ । तपाई पापी हुनको लागि धेरै पापहरु गरिरहनु पर्दैन । त्यसकारण हामी सबैजना पापी हौं । हामी अरुभन्दा केही पनि फरक छैनौं । हामी सबैलाई क्षमाको जरुरी छ । - जब हामी आफूलाई अरुसँग तुलना गर्छौं, हामी कस्तो महसुस गर्छौं ? हामी आफैंलाई अरुभन्दा असल महसुस गर्छौं । तर जब हामी आफूलाई परमेश्वरसँग तुलना गर्छौं, हामी उहाँसँग चुक्छौं । हामी जतिसुकै असल भएतापनि परमेश्वरको महिमासम्म पुग्न सक्दैनौं । हामी सबैजना परमेश्वरको नजरमा चुकेका छौं ।

### 3. रोमी/Romans 6:23

**किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैँको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।**

हामी आफ्नो पापको कारणले मृत्युको योग्यका छौं । यसको मतलब हामी सबै परमेश्वरबाट अलग्गिएर नरकमा फालिने योग्यका छौं । तर हामी पापको पर्खाललाई येशूको माध्यमबाट तोड्न सक्छौं । उहाँले हाम्रा सबै पापहरु क्षमा गरेर अनन्त जीवन दिन सक्नुहुन्छ ।

## 4. गलाती/Galatians 5:19-21

**पापमय स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्– व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैँझगड़ा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह, पियक्कड़पन, अश्लील मोजमज्जा र यस्तै अरू, जसका विषयमा म तिमीहरूलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ। जस-जसले यस्ता कामहरू गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्।**

१. व्यभिचार : यौन सम्बन्धि पापहरु कामवासनाको सोच, केटी जिस्काउने : बाटोमा बसेर केटीलाई दुख दिनु, बसमा केटीको पछाडी बसेर जानीजानी छुने प्रयास गर्नु अश्लिलता : फोहोरी चलचित्रहरु हेर्नु, किताबहरु पढ्नु, नग्न तस्विरहरु हेर्नु, हस्तमैथुन गर्नु, बैबाहिक सम्बन्ध भन्दा बाहिर अनैतिक सम्बन्ध राख्नु : छिमेकीसँग, केटा वा केटी साथी सँग, वेश्यालयमा जानु, हाडनाताकरणी : परिवारका सदस्यहरु र नातेदारहरुसँग यौन सम्बन्ध राख्नु, समलिँगी : समलिँगीहरुसँग यौन सम्बन्ध राख्नु, एकअर्काको निजी यौनअँगहरुलाई छुनु, एकअर्कामा हस्तमैथुन गर्नु, मुखमा गर्ने यौन सम्बन्ध, बालशोषण : बालबच्चासँग यौन सम्बन्ध राख्नु, बच्चाहरुलाई आफ्नो यौन सन्तुष्टिको लागि प्रयोग गर्नु, बच्चाहरुलाई काखमा राखेर यौन सन्तुष्टि लिनु

२. अपवित्रता : आफ्नो बारेमा, परिवारको बारेमा, आफ्नो पृष्ठभुमिको बारेमा झुट बोल्नु, परीक्षामा चिट चोर्नु, झुटो कागजपत्र बनाउनु, चोरी गर्नु, खराव शब्दहरु बोल्नु

३. लम्पटपना : कुनै पनि कुरा धेरै मात्रामा गर्नु, धेरै सुत्नु, धेरै खानु,

४. मुर्तिपूजा : मुर्तिहरुलाई पूजा गर्नु, तस्विर, ढुँगाहरुलाई पूज्नु, गुरुहरुलाई मान्नु, कुनै पनि कुरालाई परमेश्वरभन्दा माथी राख्नु,

५. मन्त्रतन्त्र : जादु वा टुनामुनामा विश्वास गर्नु, हात हेराउने, ज्योतिषी वा राशीफलहरुमा विश्वास गर्नु,

६. घृणा : क्षमा नगर्नु, दुस्मनी बढाउनु, झगडा गर्नु, आफूलाई चोट दिने मानिसलाई घृणा गर्नु

७. झैझगडा : सम्बन्धहरुमा खटपट हुनु, बैबाहिक वा पारिवारिक जीवनमा झैझगडाहरु समाधान नहुनु,

८. क्रोध : रिसमा गलत शब्दहरु प्रयोग गर्नु, अरुलाई कुटपिट गर्नु, सामानहरु फाल्नु, वा फुटाउनु

९. स्वार्थीपन : आफ्नो बारेमा मात्र सोच्नु, अरुको ख्याल नगर्नु, आफ्नो लागि मात्र फिक्री गर्नु

१०. फूट : झैझगडा, असहमति

११. गुटबन्दी : समूहमा भाँडभैलो गर्नु, अरुको कुरा काट्नु वा लगाउनु

१२. डाह : अरुको सफलतामा खुशी नहुनु, आफूसँग भएको कुराहरुमा सन्तुष्ट नहुनु

१३. पियक्कडपन : जाँड रक्सी पिउनु, चुरोट, खैनी, पराग, लागुपदार्थ सेवन गर्नु,

१४. अश्लिल मोजमज्जा : समूहमा मिलेर खराव काम गर्नु, अरुलाई दुख दिनु, होहल्ला गर्नु,

## 5. मर्कुस/Mark 7:21-23

**किनकि भित्रबाट, अर्थात् मानिसको हृदयबाट खराब विचार, व्यभिचार, चोरी, हत्या, परस्त्रीगमन, लोभ, दुष्टता, छल, छाडापन, ईर्ष्या, निन्दा, घमण्ड, मूर्खता निस्कन्छन्। यी सबै दुष्ट कुराहरू भित्रबाट निस्कन्छन्, र मानिसलाई अशुद्ध पार्छन्।**

पाप हाम्रो हृदयभित्रबाट निस्कन्छ । त्यसो भए हाम्रो पापको जिम्मेवारी को हो त ? के हामीले गरेको पापको लागि कसैलाई, परिस्थितिलाई, वा घटनाहरुलाई दोष दिन सक्छौं ? सक्दैनौं । त्यसैले हामी आफ्नो पापको जिम्मेवारी आफैले लिनुपर्छ । हामीलाई अरुले गलत काम गर्न प्रभाव पार्न सक्छ तर खराव वा सही के गर्ने भन्ने कुराको नियन्त्रण हाम्रो हातमा छ ।

## 6. याकुब/James 4:17

**यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ।**

यदि हामीले सही कुरा गर्न जानेर पनि गरेनौं भने पाप गर्छौं ।

## 7. याकुब/James 5:16

**यसकारण तिमीहरू एकले-अर्कासँग आ-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।**

**निस्कर्ष:**
तपाई आफ्नो सारा पापहरु स्वीकार गर्ने सम्बन्धी के सोच्नु हुन्छ ? के तपाई आफ्नो जीवनबारे कसैसंग खुलस्त हुनुभएको छ ?

# 7. क्रुसको अध्ययन

**उदेश्य : किनकि परमेश्वरले सँसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथी विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले सँसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन , तर संसार उहाँद्वारा बाँचोस्भनेर पठाउनुभयो। यस अध्ययनमा हामी येशूले क्रुसमा जानुहुँदा भोग्नुभएको शारीरिक, भावनात्मक, र आत्मिक कष्टको बारेमा हेर्नेछौं ।**

## 1. मर्कुस/Mark 14:32 - 42

**त्यसपछि उहाँहरू गेतसमनी नाउँ भएको ठाउँमा जानुभयो, र उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, “मैले प्रार्थना गरुञ्जेल तिमीहरू यहीँ बस।” तब उहाँले पत्रुस, याकूब र यूहन्नालाई साथमा लैजानुभयो, र उहाँ अत्यन्तै विचलित र ज्यादै खिन्न हुन लाग्नुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, “मेरो आत्मा मृत्युसम्मै शोकले व्याकुल भएको छ। तिमीहरू यहीँ बस, र जागा रहो।” अनि अलि पर गएर उहाँ भूइँमा घोप्टिनुभयो, र हुन सक्छ भने त्यो घड़ी उहाँबाट टलोस् भनी प्रार्थना गर्नुभयो। अनि उहाँले भन्नुभयो, “अब्बा, पिता, तपाईंको निम्ति सबै कुरा सम्भव छ। यो कचौरा मबाट हटाइदिनुहोस्। तर पनि मैले इच्छा गरेजस्तो होइन, तपाईंले इच्छा गर्नुभएजस्तो होस्।” उहाँ फेरि आउनुहुँदा तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो। उहाँले पत्रुसलाई भन्नुभयो, “सिमोन, के तिमी निदाइरहेछौ? के एक घण्टा पनि जागा बस्न सकेनौ? जागा रहो, अनि प्रार्थना गर, र तिमीहरू परीक्षामा नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ।” फेरि आएर उहाँले तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो, किनभने तिनीहरूका आँखा निद्राले साह्रै लट्ठिएका थिए, र उहाँलाई के जवाफ दिने हो, सो जानेनन्। उहाँ तेस्रो पल्ट आउनुभयो, र तिनीहरूलाई भन्नुभयो, “के तिमीहरू अझै निदाउँदैछौ र आराम गरिरहेका छौ? अब भयो, बेला आइपुग्यो। हेर, मानिसको पुत्र पापीहरूका हातमा पक्राउ पर्न लागेको छ। उठ, जाऔं। हेर, मलाई विश्वासघात गर्ने नजिकै छ।”**

- यस समय येशूलाई कस्तो महसुस भइरहेको थियो ? ( खिन्न र मृत्युसम्मै शोकले व्याकुल भएको)
- जब येशूले प्रार्थना गर्न थाल्नुभयो, के उहाँ क्रुसमा जान तयार हुनुहुन्थ्यो ? (थिएन)
- वचन/Verse 42, अनुसार येशूको प्रार्थनाको अन्त्यमा उहाँको स्वभाव कस्तो थियो ? ( उहाँ मर्न तयार हुनुभयो ) त्यसरी नै तपाईले पनि प्रार्थनाद्वारा आफ्नो हृदय परिवर्तन नभएसम्म तपाईको सँघर्षहरु लाई जित्न तयार हुनुपर्दछ ।
- के तपाइलाई कुनै पनि साथीले उहाँको साथको आवश्यक परेको बेला तपाईलाई छोडिदिनुभएको छ?
- के तपाइलाई थाह छ किन येशूले यो सबै कुरा सहँदै हुनुहुन्छ ? किनकि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ। हाम्रो पाप, झुट, घमण्ड, स्वार्थीपनको कारणले येशू यो सबै कष्ट भोग्दै हुनुहुन्छ ।

## 2. मर्कुस/Mark 14:43 - 50

**येशू बोल्दैहुनुहुँदा बाह्रै चेलाहरूमध्येको एक जना यहूदा अचानक त्यहाँ देखा पर्‍यो। मुख्य पूजाहारीहरू, शास्त्रीहरू र धर्म-गुरुहरूले पठाएको एक दल तरवार र लाठो लिएर त्यससँग त्यहाँ आयो। उहाँलाई विश्वासघात गर्नेले तिनीहरूलाई यस्तो एउटा सङ्केत दिएको थियो, "जसलाई म म्वाइँ खाउँला त्यो व्यक्ति तिनै हुन्, तिनलाई पक्र र पहरा दिएर लैजाओ।" अनि सोझै येशूकहाँ गएर यहूदाले भन्यो, "हे रब्बी," र उहाँलाई म्वाइँ खायो। तब तिनीहरूले येशूलाई समाते र गिरफ्तार गरे। त्यहाँ नजिक उभिनेहरूमध्ये कुनै एउटाले तरवार थुतेर प्रधान पूजाहारीको कमारालाई प्रहार गर्‍यो, र त्यसको कान च्वाट्ट काटिदियो। येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू एउटा डाँकूलाई जस्तै तरवार र लाठोसमेत लिएर मलाई पक्रन आएका छौ? दिनदिन मन्दिरमा सिकाउँदै म तिमीहरूसँग थिएँ, र तिमीहरूले मलाई गिरफ्तार गरेनौ। तर धर्मशास्त्र पूरा होस्।" अनि सबै चेलाहरू उहाँलाई त्यागेर भागे।**

- यहुदाले येशूलाई धोका दियो । के तपाइलाई कसैले धोका दिएको छ ?
- यदि येशूले चाहनुभएको भए, उहाँले त्यति बेला के गर्न सक्नुहुन्थ्यो ? उहाँले बाह्र हजार स्वर्गदूतहरुको पल्टन बोलाएर नष्ट गर्न सक्नुहुन्थ्यो ।
- वचन. ५० अनुसार, येशूलाई पक्रिएपछि सबै चेलाहरुले के गरे ? सबैले उहाँलाई त्यागेर भागे
- के तपाई संसारमा कसैले ख्याल गर्दैन भनी एक्लो महसुस गर्नुभएको छ ?
- के तपाइलाई थाह छ किन येशूले यो सबै गर्दै हुनुहुन्छ ? किनकि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ । हाम्रो पाप, झुट, घमण्ड, स्वार्थीपनको कारणले येशू यो सबै कष्ट भोग्दै हुनुहुन्छ ।

## 3. मर्कुस/Mark 14:53 - 65

**तब तिनीहरूले येशूलाई प्रधान पूजाहारीकहाँ लगे, र त्यहाँ सबै मुख्य पूजाहारीहरू, धर्म-गुरुहरू र शास्त्रीहरू जम्मा भएका थिए। पत्रुसचाहिँ टाढैबाट प्रधान पूजाहारीको आँगनभित्र उहाँको पछिपछि लागे, अनि त्यहाँ सिपाहीहरूसँग बसेर तिनी आगो ताप्न लागे। अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मार्नको निम्ति उहाँको विरुद्धमा गवाही खोजे, तर केही पाएनन्। धेरैले उहाँको विरुद्धमा झूटो गवाही दिए। तर तिनीहरूले दिएको गवाहीले मेल खाएन। कसै-कसैले उठेर उहाँको विरुद्धमा यसो भन्दै गवाही दिए, "यसले यसो भनेको हामीले सुन्यौं, 'मानिसको हातले बनाएको यो मन्दिर म भत्काउनेछु, र हातैविना बनाइएको अर्को मन्दिर म तीन दिनमा निर्माण गर्नेछु' ।" तर यसमा पनि तिनीहरूको गवाही एकै मतको थिएन। तब प्रधान पूजाहारीले बीचमा खड़ा भएर येशूलाई सोधे, "के तँसँग केही जवाफ छैन? यी मानिसहरूले तेरो विरुद्धमा गवाही दिएको के हो?" तर येशू चूप लाग्नुभयो, र केही जवाफ दिनुभएन। फेरि प्रधान पूजाहारीले उहाँलाई सोधे, "के तँ परमधन्यको पुत्र ख्रीष्ट होस्?" येशूले भन्नुभयो, "म हुँ, अनि तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्‌को दाहिने बाहुलीतर्फ बसिरहेको र आकाशका बादलहरूका साथमा आइरहेको देख्नुहुनेछ।" तब प्रधान**

**पूजाहारीले आफ्नो वस्त्र च्यातेर भने, "हामीलाई अरू साक्षीहरूको के दरकार पर्यो र? तिमीहरूले ईश्वर-निन्दा त सुनिहाल्यौ। तिमीहरूको के विचार छ?" अनि तिनीहरू सबैले उहाँलाई मृत्युदण्डको योग्य ठहराए। अनि कोही-कोहीले उहाँलाई थुक्न लागे, र उहाँको मुख छोपेर उहाँलाई थप्पड़ हानेर भने, "अगमवाणी बोल्।" त्यसपछि पहरादारले उहाँलाई आफ्नो जिम्मामा लिए, र उहाँलाई मुक्का हाने।**

येशू परीक्षामार्फत जानुभयो । कस्तो खालको परीक्षा थियो ? अन्यायपूर्ण परीक्षा

- के तपाइलाई कसैले अन्यायपूर्वक व्यबहार गरेको छ ? हामी त्यसलाई कसरी प्रतिक्रिया गर्छौं ?
- के येशूले तीन बर्षसम्म सेवा गरेका कोही मानिस आएर उहाँको पक्षमा बोलिदिन्छ ?
- के तपाइले आफ्नो जीवनमा गरेको राम्रा कुराहरुलाई कसैले नदेखेको वा प्रशँसा नगरेको महसुस गर्नुहुन्छ ?
- तिनीहरुले येशूको आँखा पट्टीले बाँधेर उहाँलाई गिल्ला गर्छन्, थुक्छन्र उहाँलाई कुटपिट गर्छन्। के तपाइलाई जीवनमा कसैले थुकेको छ ? के तपाइलाई कसैले बिनाकसूर कुटेको छ ?
- येशूले यी सबै किन भोग्दै हुनुहुन्छ ? किनकि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ । हाम्रो पापहरु : व्यभिचार, घमण्ड, क्रोध इत्यादि को लागि )

## 4. मर्कुस/Mark 15:1 - 15

**1बिहान हुने बित्तिकै मुख्य पूजाहारीहरू, धर्म-गुरुहरू, शास्त्रीहरू र जम्मै महासभाले आपसमा सल्लाह गरी येशूलाई बाँधेर लगे, र पिलातसकहाँ सुम्पिदिए। 2पिलातसले उहाँलाई सोधे, "के तिमी
यहूदीहरूका राजा हौ?" उहाँले उनलाई जवाफ दिनुभयो, "तपाईं नै त्यसो भन्नुहुन्छ।" 3मुख्य
पूजाहारीहरूले उहाँमाथि धेरै कुराको दोष लगाए। 4पिलातसले उहाँलाई फेरि यसो भनेर सोधे, "के तिमीसित केही जवाफ छैन? हेर, तिम्रो विरुद्धमा तिनीहरूले कति कुराहरूको दोष लगाउँछन्।"
5तर येशूले फेरि केही जवाफ दिनुभएन, यहाँसम्म कि पिलातस छक्क परे। 6निस्तार-चाड़को बेला
मानिसहरूले मागेको एक जना कैदीलाई तिनीहरूका निम्ति पिलातसले छोड्ने गर्थे। 7विद्रोहको
समयमा हत्या गर्ने विद्रोहीहरू झ्यालखानमा थिए। तीमध्ये बारब्बा नाउँको एक जना त्यहाँ थियो।
8भीड आयो र पिलातसलाई उनको चलनअनुसार तिनीहरूका निम्ति गरिदेऊन् भनी बिन्ती गर्न
लाग्यो। 9पिलातसले यसो भनेर तिनीहरूलाई प्रश्न गरे, "के म तिमीहरूका निम्ति यहूदीहरूका
राजालाई छोडिदिउँ भन्ने तिमीहरू चाहन्छौ?" 10किनकि ईर्ष्याले गर्दा नै मुख्य पूजाहारीहरूले
येशूलाई उनीकहाँ सुम्पेका हुन् भनी उनलाई थाहा थियो। 11तर बरु बारब्बालाई तिनीहरूका निम्ति
उनले छोडिदेऊन् भनेर मुख्य पूजाहारीहरूले भीड़लाई सुर्याए। 12पिलातसले फेरि तिनीहरूलाई
सोधे, "त्यसो भए जसलाई तिमीहरू यहूदीहरूका राजा भन्छौ, उसलाई चाहिँ म के गरूँ त?"
13तिनीहरू फेरि चिच्च्याए, "त्यसलाई क्रूसमा टाँग्नुहोस्।" 14पिलातसले तिनीहरूलाई भने, "किन?
उसले के अपराध गरेको छ र?" तर झन् साह्रो गरी चिच्च्याएर तिनीहरूले भने, "त्यसलाई क्रूसमा**

**टाँग्रुहोस्।" 15तब पिलातसले भीड़लाई सन्तुष्ट पार्ने इच्छाले तिनीहरूका निम्ति बारब्बालाई छोडिदिए, र येशूलाई कोर्रा लाएर क्रूसमा टाँग्न सुम्पिदिए।**

येशूलाई रातभरी बाँधेर राखियो । अब फेरी उहाँ अर्को परीक्षा भोग्दै हुनुहुन्छ । येशूलाई एक जना हत्यारा बारब्बासँग तुलना गरियो । तिनीहरुले भीडलाई दुइमध्ये एक जनालाई चुन्न भनियो । येशूले कस्तो महसुस गर्नुभयो होला ?

- पिलातस न्यायको आसनमा बसेको थियो र उसले येशूको बारेमा निर्णय गर्नुपर्थ्यो । के तपाइलाई लाग्छ उसले येशूलाई मन पराउँथ्यो ?
- पिलातसले भीडसँग बहस गर्न लाग्यो, उसले के पाप गरेको छ र ? के तिनीहरुले येशूलाई मन पराए? पराएन, तर तिनीहरुले झन्जोडसित चिच्याए ।
- जब मानिसहरुले बहस गर्दा आफू हाऱ्यो भने कसरी प्रतिक्रिया गर्छ ? चिच्याउँछ ।
- मत्ती/Matthew 27:24 अनुसार पिलातसले यस विषयबाट हात धोएर पछि हट्ने कोसिस गर्छ । के त्यसले उसलाई निर्दोष तुल्याउँछ ?
- बाइबलले बताउँछ कि उहाँलाई कोर्रा हानियो । के तपाइलाई थाह छ कोर्रा हान्नु भनेको के हो ? (तिनीहरुले कोर्रा हान्ने व्यक्तिलाई सबै कपडाहरु खोलेर नाङ्गो पार्छन्, छालाको फित्तामा हड्डीहरु र सिसाका टुक्राहरु गाँसेर बारम्बार नाङ्गो शरीरमा हान्छन्। शरीरबाट धेरै रगत बग्छन्। दुखाइ एकदमै धेरै हुन्छन्। तिनीहरुले शरीरको मासुलाई टुक्रा टुक्रा पार्ने गरी हान्छन्।
- येशू यी सबै पिडाहरु मार्फत किन जान चाहनुहुन्छ ? किनकि उहाँले तपाइलाई प्रेम गर्नुहुन्छ , तपाइको सारा पापहरुको कारणले उहाँ यसरी पीडामार्फत जाँदै हुनुहुन्छ ।

## 5. मर्कुस/Mark 15:16-20

**सिपाहीहरूले उहाँलाई प्रेटोरियन, अर्थात् महलभित्र लगे, र जम्मै पल्टनलाई भेला गराए। अनि तिनीहरूले उहाँलाई बैजनी रङ्गको वस्त्र लगाइदिए, र काँढ़ाहरूको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, अनि "यहूदीहरूका राजाको जय" भन्दै तिनीहरूले उहाँलाई सलाम गर्न लागे। अनि तिनीहरूले उहाँको शिरमा निगालोले हिर्काउँदै उहाँलाई थुके, र घुँड़ा टेकेर उहाँलाई दण्डवत् गरे। अनि येशूको गिल्ला गरिसकेपछि तिनीहरूले बैजनी वस्त्र फुकालिदिए, र उहाँका आफ्नै लुगा लगाइदिए। त्यसपछि तिनीहरूले उहाँलाई क्रूसमा टाँग्नलाई बाहिर लगे।**

तिनीहरुले येशूलाई लगे र सबै सिपाहीहरुले उहाँको गिल्ला गरे । के तपाइले एकजना मानिसलाई भीडले घेरेर गलत व्यबहार गरिरहेको कहिल्यै देख्नुभएको छ ?

- तिनीहरुले येशूको कपडा खोले र एउटा खुकुलो कपडा लगाइदिए । तिनीहरुले उहाँको शिरमा काँडाको मुकुट लगाइदिए । त्यसपछि उहाँको कपडा खोलिदिए र क्रुसमा टाँग्नको लागि लगेर गए ।

- जब तिनीहरुले येशूलाई शिरमा हान्थे तब त्यो काँडाको मुकुट के हुन्थ्यो ? त्यो काँडा उहाँको खप्परमा गहिरोसँग छिर्थ्यो र धेरै पीडा हुन्थ्यो ।
- जब उहाँको छिया छिया भएको शरीरबाट कपडा खोलिदिन्थे , उहाँलाई कस्तो महसुस हुन्थ्यो होला? (घाउमा टाँसेर बसेको टाँका निकालेको जस्तै हुन्थ्यो )

## 6. लूका/Luke 23: 32-34

**अब तिनीहरूले दुई अपराधीहरूलाई उहाँसँगै मृत्युदण्ड दिनलाई लगे। जब तिनीहरू खप्परे भन्ने ठाउँमा आए, तब त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र ती अपराधीहरूमध्ये एक जनालाई दाहिनेपट्टि र अर्कालाई देब्रेपट्टि क्रूसमा टाँगे। अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्।" अनि तिनीहरूले उहाँको वस्त्र भाग गरेर चिट्ठा हाले।**

तिनीहरुले येशूलाई आफ्नो क्रुस बोक्न लगाए । त्यसपछि तिनीहरुले उहाँको हात र पाउमा किलाले क्रुसमा ठोकिदिए । तब उहाँलाई क्रुसमा माथी चढाए । उहाँ दिनभरी तलमाथी गरिरहनुभयो । उहाँको नाङ्गो शरीर क्रुसमा घस्रिरह्यो । उहाँ एकदम पीडामा हुनुहुन्थ्यो ।

- के तपाइलाई थाह छ क्रुसमा टाँगेको मानिसको कसरी मृत्यु हुन्छ ? (तिनीहरुले सास फेर्न सक्दैनन् र किलाको साहराले आफैलाई माथी तान्छन्। जब पिडा धेरै हुन्छ फेरी आफैलाई तलतिर झार्छन्। तिनीहरुले यो काम शरीरमा ताकत रहुन्जेल गर्छन्र अन्त्यमा पीडासाथ निसासिन्छन्। )
- के तपाइलाई थाह छ येशूले यी सबै किन गर्दै हुनुहुन्छ ? (किनकि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ । हाम्रो स्वार्थीपन, गलत व्यबहार, र क्रोधको निम्ति )
- तपाइले दिनभरी खराब समय बिताउनुभयो भने तपाइको मुखबाट कस्ता शब्दहरु पहिले निस्कन्छनु। (क्रोधले भरिएको खराब शव्दहरु )
- वचन/Verse 34 मा येशूले क्रुसमा हुँदा पनि कस्ता शव्दहरु बोल्नुभयो ? (पिता, तिनीहरुलाई क्षमा गरिदिनुहोस्) उहाँ मर्नुहुँदा पनि हाम्रो बारेमा सोच्दै हुनुहुन्थ्यो । क्रुसमा मर्नको योग्य के थियो ? हामी कि येशू ?

## 7. मर्कुस/Mark 15:33-37

**बाह्र बजेदेखि तीन बजेसम्म सारा देशलाई अन्धकारले छोप्यो। तीन बजेतिर यसो भनेर येशू ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?"— जसको अर्थ हो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" वरपर उभिनेहरूमध्ये कोही-कोहीले यो सुनेर भने, "सुन, त्यसले एलियालाई बोलाउँदैछ।" अनि एक जनाले दौड़ेर गई एउटा स्पन्ज सिर्कामा पूरै चोपेर**

**एउटा लामो निगालोमा यसो भनेर उहाँलाई पिउन दियो, "हेरौं, कतै एलिया त्यसलाई झार्न आउँछन् कि।" तब येशूले ठूलो सोर निकालेर प्राण त्याग्नुभयो।**

हामी यहाँ येशूको मृत्युलाई देख्छौँ । उहाँले पिडामा कराउनुभयो : मेरा परमेश्वर, मेरा परमेश्वर, मलाई किन त्याग्नुभएको छ ? बाइबलले बताउँछ कि परमेश्वर शुरुदेखि नै येशूसँग हुनुहुन्थ्यो । येशूले यहाँ किन भन्नुभयो कि परमेश्वरले उहाँलाई त्याग्नुभयो ? (पापको कारणले )

## 8. १ पत्रुस /1 Peter 2: 21-25

**किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।" तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। किनभने तिमीहरू भेड़ाहरूझैँ बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।**

- वचन/Verse 21 अनुसार, येशूले किन यति धेरै कष्ट भोग्नुपर्‍यो ? ( हाम्रो निम्ति एउटा उदाहरण छोडिजानुभयो ताकि हामी पनि उहाँजस्तै हुन सकौं )
- के तपाइ महसुस गर्नुहुन्छ कि येशू तपाइको लागि मर्नुभयो ? के तपाइ यो जान्नुहुन्छ कि यदि तपाइ एक्लै हुनुभएको भए पनि येशू तपाइको लागि मर्नुहुन्थ्यो ?
- के तपाइ खिष्टियान भएकोमा कष्ट भोग्न तयार हुनुहुन्छ ? के तपाइ बिरोधीहरुलाई सहन चाहनुहुन्छ ? वचन/Verse 24 अनुसार, येशूले किन हाम्रा पापहरु बोक्नुभयो ? ( हामी पापको लेखि मरेर धार्मिकताको लेखि जिउँ भनेर )

## 9. २ कोरिन्थी/2 Corinthians 5:14-15

**ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे। उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो।**

पावललाई सम्पूर्ण हृदयले येशूलाई पछ्याउनको लागि के कुरा प्रेरित गर्छ ? (प्रेम) - तपाइलाई येशूमा समर्पित हुनको लागि के कुराले बाध्य पार्छ ?

- वचन/Verse 15 अनुसार, येशू किन मर्नुभयो ? ( हामी आफ्नो निम्ति बाँच्ने होइन तर उहाँको निम्ति बाँचौ भनेर ) - प्राय मानिसहरु कसको लागि बाँच्छन्? (तिनीहरु आफ्नै निम्ति) अहिलेसम्म तपाइ कसको निम्ति बाँच्नुभयो ? ( आफ्नै निम्ति)
- के तपाइले सिक्नुभयो तपाई किन गम्भिर हुनुपर्छ ? तपाइले देख्नुभयो कि येशूले तपाइको निम्ति कस्तो कष्ट भोग्नुभयो ? तपाइले कस्तो महसुस गर्नुभयो ?

# 8. पश्चातापको अध्ययन

**उदेश्य : अनुग्रहलाई विश्वास गरिसकेपछि बाइबलीय प्रतिक्रिया भनेको पश्चाताप गर्नु र पाप क्षमाको लागि बप्तिस्मा लिनु हो । तपाइलाई कस्तो हुनुहुन्छ ? पाप स्वीकार गरिसक्नुभएपछि तपाइलाई कस्तो महसुस भइरहेको छ ? के अरु केहि स्वीकार गर्न चाहनुहुन्छ ?**

- आज हामी पश्चातापको अध्ययन गर्नेछौं । के तपाइलाई पश्चातापको अर्थ थाह छ ? यसको मतलब आफ्नो मन वा उदेश्य परिवर्तन गर्नु हो । धेरै जनाले सोच्छन् कि पश्चाताप भनेको आफ्नो पापको बारेमा दोषी महसुस गर्नु हो । तर बाइबले महसुस भन्दा अझ बढी सिकाउँछ ।

## 1. लूका/Luke 13:5

**त्यसो होइन, तर म तिमीहरूलाई भन्दछु, तिमीहरूले पश्चात्ताप गरेनौ भने, तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ।"**

परमेश्वरले हामीलाई दुइवटा विकल्प दिनुभएको छ : पश्चाताप वा नाश

## 2. प्रेरित/Acts 26:20

**तर पहिले दमस्कसमा, तब यरूशलेममा र सारा यहूदिया देशभरि रहनेहरूलाई, र अन्यजातिहरूलाई पनि पश्चात्ताप गरेर परमेश्वरतिर फर्क र आफ्ना पश्चात्ताप योग्यका काम गर भनेर मैले प्रचार गरें।**

- पावलले जहाँ गएपनि पश्चातापको बारेमा प्रचार गरे ।
- साँचो पश्चाताप भनेको पापलाई त्याग्नु मात्र होइन तर परमेश्वरतर्फ पनि फर्कनु हो ।
- परमेश्वर र अरुले पनि हाम्रो कामहरु देखेर पश्चाताप गरेको थाह पाउँछन् (शब्दहरु, सोचहरु र कामहरुमा परिवर्तन )

## 3. मत्ती/Matthew 5:28-30

**तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ। यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। तिम्रो दाहिने हातले तिमीलाई पाप**

**गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ।**

- हामीले पापलाई पापको दृष्टिकोणले हेर्नुपर्छ । पाप सानो वा ठूलो हुँदैन । कामवासनाको सोच पनि व्यभिचार हो ।
- हामीले आफ्ना पापहरुलाई काटेर निकाल्नुपर्छ । तपाइले आफ्नो पापलाई घृणा गर्नुपर्छ, तब मात्र परिवर्तन गर्न सक्नुहुन्छ । के तपाइको जीवनमा अहिले पनि घृणा नगर्नुभएको पाप छ ?

## 4. २ कोरिन्थी/2 Corinthians 7:10

**किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र त्यसमा पछुतो हुँदैन, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ।**

सामन्यतया हामी आफूले गरेको पाप प्रति नराम्रो महसुस गर्छौं । बाइबलले बताउँछ हामी पाप प्रति दुइ किसिमको शोक गर्न सक्छौं ।

- इश्वरीय शोक भनेको तपाइ वास्तवमा पाप प्रति खराब नराम्रो महसुस गर्नु हो र यसले साँचो र लामो समयसम्म परिवर्तन ल्याउनु हो र फेरी कहिल्यै पनि पापमा नफर्किनु हो । यसले मुक्तिमा डोऱ्याउँछ ।
- सांसारिक शोक भनेको तपाइ पाप प्रति नराम्रो महसुस गर्नुहुन्छ तर कहिल्यै पनि परिवर्तन गर्नुहुन्न । त्यही पापलाई फेरी दोहोऱ्याउनु हो । यसले मृत्युमा डोऱ्याउँछ ।

## 5. एफिसी/Ephesians 4:22-32

**छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। र आफ्नो भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, र दियाबलसलाई मौका नदेओ। चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ।**

**जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।**

- वचनले बताए अनुसार हामीले पुरानो स्वभावसँग सम्बन्धित सबै इच्छाहरुलाई त्याग्नुपर्छ ।
- हामीले पुरानो पापमय लालच र कामहरुलाई त्याग्ने मात्र होइन तर नयाँ स्वभाव पनि धारण गर्नुपर्छ। हामीले आफ्नो पुराना खराब बानी व्यबहारहरुलाई नयाँ व्यबहार र स्वभावले परिवर्तन गर्नुपर्छ र खराब सोचहरुलाई त्यागेर नयाँ धर्मी सोचहरुलाई अँगाल्नुपर्छ ।
- वचन/Verse 25 अनुसार हामीले झुटलाई त्यागेर सत्य बोल्नुपर्छ ।
- वचन/Verse 28 अनुसार हामीले चोर्ने काम छोडेर आफूले काम गर्ने र अरु आवश्यकतामा परेकाहरुलाई पनि मदत गर्नुपर्छ ।
- वचन/Verse 29 अनुसार, कुवाक्यहरु त्याग्ने र समय सुहाउँदो मिठो बचन बोल्ने
- वचन/Verse 31-32 अनुसार सबै किसिमका तितोपना, क्रोध, रिस, होहल्ला, निन्दा र डाहसमेत त्यागिदेओ यसरी हामीले आफ्नो जीवनमा परिवर्तन ल्याउन सक्छौं । अब पश्चाताप गरेपछि तपाईले के गर्नुपर्छ ?

## 6. प्रेरित/Acts 2:38

**पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।**

- पहिले पश्चाताप गर्ने, बप्तिस्मा लिने, तब मात्र तपाईको पाप क्षमा हुन्छ । के तपाई यसको लागि तयार हुनुहुन्छ ?

## 7. भजनसँग्रह/Psalms 51:1-17

**हे परमेश्वर, तपाईंको अचूक करुणाअनुसार ममाथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरू मेटिदिनुहोस्। मेरो सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस्, र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस्। किनकि मेरा अपराधहरू म जान्दछु, र मेरो पाप सदा मेरो सामुन्ने छ। तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु। यसैकारण बोल्नुहुँदा तपाईं ठीक प्रमाणित हुनुहुन्छ, र न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ। साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ। निश्चय नै हृदयको सत्यता तपाईं चाहना गर्नुहुन्छ, अन्तस्करणमा तपाईं मलाई बुद्धिका कुरा सिकाउनुहुन्छ। हिसपले मलाई शुद्ध पार्नुहोस्, र म शुद्ध हुनेछु। मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु। मलाई हर्ष र उल्लास सुन्न दिनुहोस्, र तपाईंले चूर्ण पारिदिनुभएका हड्डीहरू आनन्दित**

**होऊन्। मेरा पापहरूदेखि आफ्नो मुख लुकाउनुहोस्, र मेरा सारा अधर्महरू मेटिदिनुहोस्। हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्। मलाई तपाईंको उपस्थितिबाट नहटाउनुहोस्, न त मबाट तपाईंका पवित्र आत्मा लैजानुहोस्। तपाईंको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस्, र मलाई सम्हाल्ने इच्छुक आत्मा दिनुहोस्। तब अपराधीहरूलाई म तपाईंका मार्गको शिक्षा दिनेछु, र पापीहरू तपाईंतर्फ फर्कनेछन्। हे परमेश्वर, हे मेरा उद्धारकर्ता परमेश्वर, मलाई रक्तपातको दोषबाट छुटकारा दिनुहोस्, र मेरो मुखले तपाईंका धार्मिकताको स्तुति गाउनेछ। हे परमप्रभु, मेरा ओठ खोलिदिनुहोस्, र मेरो जिब्रोले तपाईंको प्रशंसाको घोषणा गर्नेछ। किनकि तपाईं बलिमा प्रसन्न हुनुहुन्न, नत्रता म बलि चढ़ाउनेथिएँ। होमबलिमा तपाईं खुशी हुनुहुन्न। तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न।**

यस अध्ययनको अन्त्यमा यस भजनसँग्रहलाई पढ्न लगाउनुहोस् र दाउदले जस्तै कसरी आफ्नो पापको बारेमा परमेश्वरको साम्‌ तोडिएको आत्मा बनाउने सिकाउनुहोस् ।

# 9. बप्तिस्माको अध्ययन

**अध्ययनको उदेश्य : क्रुसको बारेमा प्रचार गरिसकेपछि पत्रुसले पापक्षमाको लागि भीडलाई पश्चाताप गरेर बप्तिस्मा लिनको लागि आज्ञा दिए । यस अध्ययनले खीष्टको बलिदान र बप्तिस्मा द्वारा कसरी पाप क्षमा हुन्छ भन्ने बारेमा पुलको काम गर्छ ।**

## 1. प्रेरित/Acts 2:36-41

**"त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।" यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने?" पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।" अरू धेरै कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, "यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ।" तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्राय: तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए।**

- पत्रुसले प्रचार गरे अनुसार हामीले प्रभु येशूलाई प्रभु र खीष्ट भनेर विश्वास र स्वीकार गर्नुपर्छ ।
- तपाई येशूको मृत्युको लागि व्यक्तिगत रुपमा जिम्मेवार हुनुहुन्छ । पत्रुसको वचनले सुनेका मानिसहरुको हृदय छियाछिया भयो र तिनीहरुले भने, अब हामीले के गर्ने ?
- पत्रुसले जवाफ दिए - पहिले पापबाट पश्चाताप गर्नुपर्छ र दोस्रो पाप क्षमाको लागि बप्तिस्मा लिनुपर्छ र पवित्र आत्माको वरदान पाउनेछ ।

## 2. यूहन्ना/John 3:3-5

**येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" निकोदेमसले उहाँलाई भने, "मानिस बूढ़ो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?" येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन।**

- येशूको अनुसार हामीले स्वर्ग जानको लागि के गर्नुपर्छ ? हामी फेरी जन्मिनुपर्छ । हामी पानी र आत्माद्वारा जन्मिनुपर्छ ।
- हामी पानी र आत्माद्वारा कहिले जन्मन्छौं ? बप्तिस्माको बेलामा

## 3. मत्ती/Matthew 28:18-20

**तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।”**

- कस्तो किसिमको मानिसलाई मात्र बप्तिस्मा दिनुपर्छ ? ती मानिसहरु जो सिक्न सक्छन् र बुझेर पालना पनि गर्न सक्छन् ।
- वचन/Verse 20 मा येशूले आज्ञा गर्नु भएको कुरा नवजात शिशु र साना बालबालिकाहरुको लागि भने होइन ।
- बप्तिस्मा येशूको आज्ञा हो र हामीले पालना गर्नुपर्छ ।

## 4. रोमी/Romans 6:3-9

**के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं। यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ। तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं। हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन।**

- जब हामी बप्तिस्मा लिन्छौँ तब हामी येशूको मृत्युमा बप्तिस्मा लिन्छौँ । जब हामी बप्तिस्मा लिन्छौँ, हामी येशूसँगै गाडिन्छौँ ।
- हाम्रो बप्तिस्मा हुन्छ, तब हामी नयाँ जीवन जिउँछौँ ।
- वचन/Verse 6 अनुसार, जब हामी बप्तिस्मा लिन्छौँ, हाम्रो पुरानो स्वभाब येशूसँगै क्रुसमा टाँगिन्छौँ।
- वचन/Verse 7 अनुसार, जब हाम्रो पुरानो स्वभाब नाश हुन्छ, हामी के बाट मुक्त हुन्छौँ ?

पापबाट बप्तिस्मा : येशू मर्नुभयो , गाडिनुभयो, बौँरी उठ्नुभयो - बप्तिस्मामा हामी पनि उहाँको मृत्युमा मर्छौं, गाडिन्छौँ र बौँरी उठ्छौँ - विश्वासद्वारा हामी येशू ख्रीष्टको मरण, दफन र पुनरुत्थानमा भाग लिन्छौं ।

## 5. १ पत्रुस /1 Peter 3:20-21

**ती आत्माहरूले प्राचीनकालमा आज्ञापालन गरेनन्, जब नोआको समयमा जहाज बनाउँदा परमेश्वरले धैर्य धारण गरी पर्खिनुभएको थियो। त्यस जहाजमा थोरै, अर्थात् आठ जना मात्र पानीद्वारा बचाइए। यही पानी बप्तिस्माको एउटा रूप हो, जसले तिमीहरूलाई बचाउँछ। यो शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो। यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरूलाई बचाउँदछ। उहाँ स्वर्गमा जानुभयो र स्वर्गदूतहरू, अधिकारहरू र शक्तिहरूलाई वशमा पारी परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान हुनुहुन्छ**

- वचन/Verse 20 अनुसार, नोआको समयमा कतिजना मानिसहरु बचे ?
- पानीद्वारा 8 जना मानिसहरु बचाइए । यसको मतलब के हो ?
- जसरी पानीले पृथ्वीमा भएको पाप र डुङगामा भएको 8 जना मानिसहरुलाई छुट्याइए, त्यसरी नै बप्तिस्माले हामीलाई पापबाट अलग गर्ने काम गर्छ । यसैकारण पत्रुसले भन्छ कि यही पानी बप्तिस्माको एक रुप हो ।
- वचन/Verse 21 अनुसार बप्तिस्माले के गर्छ ? यसले हामीलाई बचाउँछ । अब हामी हेरौँ एकजना बप्तिस्मा लिएका मानिसको बारेमा ।

## 6. प्रेरित/Acts 8:26-39

**त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, "उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ। त्यहाँ मरुभूमिको बाटो छ।" अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोषाध्यक्ष थिए। उनी यरूशलेममा आराधना गर्न गएका थिए। उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया अगमवक्ताको पुस्तक पढ़िरहेका थिए। तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।" फिलिप तिनीकहाँ दौड़ेर गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढ़िरहेको सुनेर उनले सोधे, "तपाईंले पढ़िरहनुभएको कुरा बुझ्नुहुन्छ?" तब तिनले भने, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र?" अनि तिनले फिलिपलाई रथमा चढ़ी तिनको साथमा बस्ने अनुरोध गरे। अब तिनले पढ़िरहेका धर्मशास्त्रको खण्ड यो थियो, "जसरी भेड़ा काटिनलाई लगिन्छ, वा थुमा ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसले आफ्नो मुख खोलेन। उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन। उसको पुस्ताको बयान कसले गर्ने? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो।" तब ती नपुंसकले फिलिपलाई भने, "कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरू कसैको विषयमा?" तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए। अनि उनीहरू बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाउँनेर आइपुगे। ती नपुंसकले भने, "हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ?" फिलिपले भने, "यदि सारा**

**हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ।"  तिनले जवाफ दिए "येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु।" ] तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए। तर जब उनीहरू पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे।**

- नपुंसक घर जाँदै गर्दा बाटोमा के गर्दै थिए ? बाइबल पढिरहेका थिए ।
- ऊ नम्र व्यक्ति थियो कि घमण्डी ? ऊ नम्र थियो किनकि उसले मदत माग्यो ।
- त्यो नपुंसक धार्मिक मानिस थियो तर ऊ बचेको थिएन र साँचो खीष्टियान पनि थिएन । त्यसैले तिनीहरुले रथ मै बसी बाइबल अध्ययन गरे जसरी हामी पनि गर्दै छौं । फिलिपले येशूको बारेमा सुसमाचार सुनाए ।
- जब तिनीहरुले पानी देखे, दुबै जना पानीमा ओर्ले र फिलिपले बप्तिस्मा दिए । बप्तिस्माको अर्थ हो कि पुरै पानीमा डुबाउनु ।
- नपुंसकले उसको आफ्नो देशमा नपुगुन्जेल किन पर्खेन ? उनी तुरुन्तै क्षमा हुन चाहन्थ्यो ।
- अब तपाइले के गर्नुपर्छ होला ? तपाइ कहिले बप्तिस्मा लिन चाहनुहुन्छ ? तपाइ किन बप्तिस्मा लिन चाहनुहुन्छ ?

# **10. मण्डलीको अध्ययन**

## **1. कलस्सी/Colossians 1:18**

**उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्।**

मण्डली येशूको शरीर हो । शरीरलाई शिरको आवश्यकता पर्छ । मण्डलीको शिर ख्रीष्ट हुनुहुन्छ । मण्डली धेरै अति आवश्यक कुरा हो । कसैले येशूलाई स्वीकार गर्ने र मण्डलीलाई अस्वीकार नगर्ने भन्ने कुरा हुँदैन ।

## **2. १ कोरिन्थी/1 Corinthians 12:12-26**

**12किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। 13किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं— यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो। 14किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ। 15यदि खुट्टाले “म हात होइनँ, यसैले म शरीरको अङ्ग होइन” भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र? 16र कानले “म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ” भन्यो भने, त्यो शरीरको अङ्ग हुँदैन र? 17यदि जम्मै शरीर आँखा हुँदो हो त सुन्ने कहाँबाट? यदि जम्मै शरीर कान हुँदो हो त सुँघ्ने कहाँबाट? 18तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ। 19यदि ती जम्मै एउटै अङ्ग हुँदा हुन् त शरीर कहाँ हुने? 20तर अङ्गहरू धेरै छन्, तापनि शरीरचाहिँ एउटै।**

**21आँखाले हातलाई “मलाई तेरो दरकार छैन” भन्न सक्दैन, र शिरले पनि खुट्टालाई “मलाई तिमीहरूको दरकार छैन” भन्न सक्दैन। 22बरु शरीरका अझ दुर्बल देखिने अङ्गहरू नै नभई नहुने हुन्छन्। 23शरीरका ती अङ्गहरू जुनहरूलाई हामी कम महत्त्वका ठान्छौं, तिनलाई हामी बढ्ता आदर दिन्छौं। प्रत्यक्ष रूपले देखाउन नसकिने अङ्गहरूलाई हामी बढ़ी भद्रतासाथ राख्छौं, 24प्रत्यक्ष देखाउन सकिने हाम्रा अङ्गहरूलाई त्यस्तो हिफाजत चाहिँदैन। तर परमेश्वरले हाम्रो शरीरलाई यसरी मिलाउनुभएको छ कि हीन अङ्गहरूलाई बढ़ी आदर प्रदान गर्नुभएको छ, 25ताकि शरीरमा बेमेल नहोस्, तर अङ्गहरू एउटाले अर्काको निम्ति समान वास्ता राखून्। 26यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरूले सँगै कष्ट भोग्छन्, अथवा एउटा अङ्गको आदर भयो भने सबै अङ्गहरूले सँगै आनन्द मनाउँछन्।**

सबै जो बचेका छन्, ख्रीष्टको शरीरका सदस्यहरु हुन्। हामी सबैजना एउटै शरीरमा एउटै आत्माद्वारा बप्तिस्मा लिएका हुन्। शरीरका हरेक सदस्यहरु महत्वपूर्ण र आवश्यक हुन्छन् र ख्रीष्टको शरीरमा कुनैपनि भेदभाव हुनुहुँदैन । हामीले एक अर्काको निम्ति समान फिक्री गर्नुपर्दछ ।

## 3. एफिसी/Ephesians 2:19-22

**यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ। त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ। उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।**

परमेश्वरको मण्डली ख्रीष्ट माथी निर्माण भएको छ, जो कुनेढुङगो हुनुहुन्छ । प्रेरितहरु र अगमवक्ताहरु मण्डलीका जग हुन् । मण्डली को शिक्षाको निम्ति बाइबल शक्तिशाली हतियार हो ।

## 4. हिब्रु/Hebrews 3:12-13

**भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढ़ा नलैजाओस्। जबसम्म “आजको दिन” भन्ने कुरा छ, तबसम्म एउटाले अर्कालाई अर्ती देओ, र पापको छलछामले तिमीहरू कसैको हृदय कठोर नहोस्।**

मण्डलीका सबै चेलाहरु आत्मिक रहनको लागि हामी सचेत रहनुपर्छ । त्यसको लागि हामीले दैनिक रुपमा एक अर्कालाई प्रोत्साहन दिनुपर्छ ।

## 5. हिब्रु/Hebrews 10:24-25

**हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।**

हामीले ख्रीष्टमा कसरी एक अर्कालाई उत्साहित गर्ने भन्ने कुरामा ध्यान दिनुपर्दछ । हामीले एकसाथ भेटघाट गर्ने बानी बनाउनलाई समर्पित हुनुपर्दछ । हामीले एकअर्कालाई प्रोत्साहित गर्नुपर्दछ ।

## 6. प्रेरित/Acts 2:42

**तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे।**

पहिलेको मण्डली निरन्तर रुपमा प्रेरितहरुको शिक्षामा, सँगतिमा, रोटी भाँच्ने काममा, र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे । हामीले तिनीहरुको भक्तिलाई नक्कल गर्नुपर्दछ ।

**निष्कर्षमा : मण्डलीमा सहभागी हुनको लागि परमेश्वरले तपाईको जीवनमा बनाउनुभएको योजनालाई, के तपाई जान्नुहुन्छ ? मण्डलीमा सहभागी हुनु को मतलब के हो ? तपाई परमेश्वरको मण्डलीको एक सदस्यको रुपमा रहेर कसरी त्यसको जिम्मेवारी पुरा गर्न चाहनुहुन्छ ? मण्डलीका कार्यक्रमहरुमा सहभागी हुनुको महत्व तपाई कसरी हेर्नुहुन्छ ?**

# 11. शिष्यत्व ( येशू नै प्रभु हुनुहुन्छ )

**उदेश्य : यस अध्ययनको उदेश्य भनेको येशूलाई प्रभु मान्नुको मतलब के हो सो सिकाउनु हो । हामी बप्तिस्माको बेलामा स्वीकार गर्छौं कि येशू मेरो प्रभु हुनुहुन्छ । त्यो स्वीकार गर्नुको मतलब के हो ? त्यसले हाम्रो जीवनमा कसरी प्रभाव पार्न सक्छ ? यस अध्ययनले मदत गर्छ कि येशूको पछि लाग्नुको अर्थ के हो । तपाई येशूलाई पछ्याउनुको मतलब के हो ? उहाँलाई पछ्याउने मानिसको हृदय कस्तो हुनुपर्दछ ? तपाईको जीवनमा कस्तो किसिमको समर्पण देखिनुपर्दछ ? येशूलाई पछ्याउन निर्णय गर्ने मानिसले कस्तो जीवन जिउँछन् ?**

## 1. प्रेरित/Acts 11:25-26

**तब शाऊललाई खोज्न बारनाबास टार्ससमा गए। जब तिनले उनलाई भेट्टाए तब उनलाई एन्टिओखियामा ल्याए। तब पूरा एक वर्षसम्मै मण्डलीका मानिसहरूसँग तिनीहरूले भेटघाट गरिरहे, र मानिसहरूको ठूलो समूहलाई शिक्षा दिए। चेलाहरू पहिलो पटक एन्टिओखियामा नै ख्रीष्टियान भनिए।**

- तपाई चेला भन्ने शब्दलाई कसरी व्याख्या गर्नुहुन्छ ? वचनअनुसार चेला र ख्रीष्टियान भन्ने शब्दमा केही भिन्नता छ ? छैन । ती दुई शब्दहरुको अर्थ एउटै हो ।
- के तपाइलाई थाह छ नयाँ करारमा ख्रीष्टियान भन्ने शब्द कति पटक उल्लेख गरिएको छ ? ३ पटक
- चेला भन्ने शब्द चाहीँ कतिपटक प्रयोग भएको छ ?

## 2. मर्कुस/Mark 12:28-31

**शास्त्रीहरूमध्ये एक जना आए, र तिनीहरूलाई आपसमा विवाद गरिरहेका सुने। येशूले मानिसहरूलाई ठीक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, "सबै आज्ञाहरूमा मुख्यचाहिँ कुन हो?" येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्यचाहिँ यो हो: 'हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्।' दोस्रोचाहिँ यो हो, 'तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।' योभन्दा ठूलो आज्ञा अर्को छैन।"**

- सबैभन्दा महान आज्ञाहरु भनेको परमेश्वरलाई प्रेम गर्नु र आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर्नु हो ।
- चेला हुनु भनेको परमेश्वरसँग सारा हृदयले सम्बन्ध स्थापित गर्नु हो र छिमेकीलाई प्रेम गर्नु हो ।
- यदि हामीले यी दुई आज्ञाहरुलाई जान्छौं भने येशूले हामीसँग राख्नुभएको अपेक्षा हामी जान्न सक्छौं।

## 3. लुका/Luke 9:23-26

**तब उहाँले सबैलाई भन्नुभयो, "कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्। किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ। तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ। किनकि सारा जगत् प्राप्त गरेर आफैलाई चाहिँ नाश पार्छ वा गुमाउँछ भने मानिसलाई के लाभ हुन्छ र? तर कोही मदेखि र मेरा वचनदेखि शर्माउँछ भने मानिसको पुत्र पनि आफ्नो महिमामा, र पिताको र पवित्र दूतगणको महिमामा आउँदा त्यससँग शर्माउनेछ।**

यस वचनले येशूको चेला हुनको लागि अपेक्षा गर्नुभएको कुरालाई सिकाउँदछ।

- आफैलाई इन्कार गर्नु
- दैनिक क्रूसलाई बोक्नु
- येशूको निम्ति आफ्नो जीवन गुमाउन तयार हुनु
- येशूको वचन र उहाँको लागि लज्जित नहुनु येशूको यी अपेक्षाहरुको बारेमा तपाईलाई कस्तो महसुस हुन्छ ?
- आफैलाई इन्कार गर्नुको मतलब के हो ? दैनिक आफ्नो क्रुस बोक्नुको मतलब के हो ?
- येशूलाई पछ्याउनको लागि तपाईलाई के कुरा त्याग्न गाह्रो हुन्छ ?
- हामी आज कसरी येशूप्रति लज्जित हुन्छौं ?

## 4. लुका/Luke 11:1-4

**उहाँ कुनै एक ठाउँमा प्रार्थना गरिरहनुभएको थियो। उहाँले प्रार्थना गरिसक्नुभएपछि चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, "हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाएझैँ हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस्।" उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले प्रार्थना गर्दा यसो भन, "'हे पिता, तपाईंको नाउँ पवित्र गरिओस्, तपाईंको राज्य आओस्। हाम्रो दैनिक भोजन हामीलाई प्रतिदिन दिनुहोस्। हाम्रा पाप हामीलाई क्षमा गरिदिनुहोस्, किनकि हामी पनि हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा गर्दछौं। हामीलाई परीक्षामा पर्न नदिनुहोस्' ।"**

येशूले आफ्ना चेलाहरुलाई प्रार्थना गर्न सिकाउनुभयो । उहाँले परमेश्वरलाई पिता भनी पुकार्न सिकाउनुभयो । चेला हुनु भनेको परमेश्वरसँग पिताको रुपमा व्यक्तिगत सम्बन्ध विकाश गर्नु हो । हामीले परमेश्वरसँग प्रार्थनाद्वारा कुरा गरेर र वचन अध्ययनद्वारा सुनेर सम्बन्ध बढाउन सक्छौं ।

## 5. लुका/Luke 14:25-33

**मानिसहरूको ठूलो भीड उहाँको साथ जाँदैथियो, र उहाँले फर्केर तिनीहरूलाई भन्नुभयो, "यदि कोही मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, पत्नी, छोरा-छोरीहरू र दाजुभाइ, दिदी-बहिनीहरूलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन। जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन। "तिमीहरूमध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गर्छ भने, त्यो धरहरा बनाई सिद्ध्याउने खर्च आफूसित छ कि छैन भनी के त्यसले पहिले नै बसेर हिसाब लाउँदैन र? नत्र भने त्यसले जग बसालेपछि सिद्ध्याउन सकेन भने, देख्नेहरू सबैले यसो भनेर त्यसको गिल्ला गर्न लाग्नेछन्, 'यस मानिसले बनाउन त थाल्यो तर सिद्ध्याउन सकेन।' "कुन राजा होला जसले अर्को राजासँग लड़ाइँ गर्न जाँदा आफ्नो साथ भएका दश हजारले त्यसको विरुद्ध आउने बीस हजारसँग लड़ाइँ गर्न सक्छु कि सक्दिनँ भनी पहिले बसेर सल्लाह गर्दैन? तिनले नसक्ने हो भने, त्यो अर्को राजा टाढ़ै हुँदा मिलापको शर्त सोध्न राजदूत पठाउनेछ। यसकारण तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन।**

- येशूलाई आफ्नो परिवार भन्दा र आफैलाई भन्दा पनि पहिला प्रेम गर्नुपर्छ। यसको मतलब परिवारलाई सम्मान वा सेवा नगर्ने भन्ने चाहीँ होइन। हरेक दिन क्रुस बोकेर उहाँको पछि लाग्न तयार हुनुपर्दछ।
- येशूलाई पछ्याउँदा चुकाउनु पर्ने मुल्यलाई विचार गर्नुहोस्।
- येशूलाई पछ्याउनु भनेको गम्भिर, जीवनभरीको निर्णय हो ,तर यो कुनै भावनामा बहकेर केही समयको लागि गर्ने निर्णय होइन।
- येशूको निम्ति सबै कुरा त्याग्न तयार हुने स्वभाव हुनुपर्दछ।

## 6. यूहन्ना/1 John 2:3-6

**3यदि हामीले उहाँका आज्ञाहरू पालन गर्यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं। 4जसले "म उहाँलाई चिन्छु" भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन। 5तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्ची नै सिद्ध भएको हुन्छ। हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं। 6उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ।**

- यस वचन अनुसार कोहि ख्रीष्टियन हो वा होइन भन्ने कसरी थाहा हुन्छ?
- येशुलाई चिन्ने मानिसले उहाँको आज्ञा पालना गर्नुपर्छ।

## 7. यूहन्ना/John 8:31-32

**येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।"**

- येशूको चेला बन्नको लागि विश्वासले मात्रै पुग्दैन । तर उहाँको वचन पालना गर्नु जरुरी हुन्छ ।

## 8. यूहन्ना/John 13:34-35

**34 "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर। 35यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ।"**

- यो येशूको नयाँ आज्ञा हो किनकि हामीले उहाँको प्रेमको उदाहरणलाई पछ्याउनु पर्दछ ।
- येशूको चेला हुनुको एउटा सँकेत प्रेम हो :
- हराएकाहरुलाई खोज्नु र बचाउनु हो, मानिसहरुको मछुवारा बन्न सिक्नु हो, यशूको अन्तिम महान आज्ञालाई पालना गर्नु हो । (मत्ती/Matthew 28:18-20, लुका/Luke 19:10, मर्कुस/Mark 1:16-20)
- गरीबहरुलाई प्रेम गर्नु हो (मत्ती/Matthew 25:32-46)
- आफ्नो परिवारलाई प्रेम गर्नु हो ( १ तिमोथी/1 Timothy 5:8)
- मण्डलीलाई प्रेम गर्नु हो ( १ पत्रुस /1 Peter 1:22)
- आफ्नो शत्रुहरुलाई पनि प्रेम गर्नु हो ( मत्ती/Matthew 5:44)

## 9. मर्कुस/Mark 1:16-20

**गालील-समुद्रको किनार-किनारै जाँदैहुनुहुँदा उहाँले सिमोन र तिनका भाइ अन्द्रियासलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो। किनकि तिनीहरू जालहारी थिए। येशूले तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका जालहारी बनाउनेछु।" तिनीहरूले तुरुन्तै आफ्ना जालहरू छोड़े, र उहाँको पछि लागे। अनि अलि पर गएपछि उहाँले जब्दियाका दुई छोरा याकूब र यूहन्नालाई डुङ्गामा बसी जाल तुनिरहेका देख्नुभयो। उहाँले तुरुन्त तिनीहरूलाई बोलाउनुभयो, र तिनीहरू आफ्ना पिता जब्दियालाई ज्यामीहरूका साथ डुङ्गामा छोड़ेर उहाँको पछि लागे।**

यस वचन **अनुसार जब** येशूले पहिला चेलाहरुलाई बोलाउनुभयो र तिनीहरुले कसरी प्रतिक्रिया गरे ?

- सिमोन र आन्द्रियासले कसरी प्रतिक्रिया गरे ? याकुब र यूहन्नाले कसरी प्रतिक्रिया गरे ?
- येशूको बोलावटलाई तपाई कसरी प्रतिक्रिया गर्नुहुन्छ ?
- मानिसको जालहारी बन्नुको मतलब के हो ?

निष्कर्षमा : येशूको चेला हुनु भनेको उहाँसँग प्रेमसाथ, आज्ञाकारी र बलिदानी सम्बन्ध बनाउनु हो । साथै, हाम्रा सबै सम्बन्धहरुभन्दा पहिला येशूसँगको सम्बन्धलाई जोड दिनु जरुरी हुन्छ ।

# **12. चकाउनुपर्ने मुल्य**

- **तपाई किन खीष्टियान बन्न चाहनुहुन्छ ?**
- **तपाई कहिले खीष्टियान बन्न चाहनुहुन्छ ?**
- **कोही व्यक्ति कसरी चेला बन्न सक्छ ?**
- **पश्चातापको मतलब के हो ? के तपाइले पश्चाताप गर्नुभयो ? कहिले गर्नुभयो ?**
- **हामीले किन बप्तिस्मा लिनुपर्छ ? बप्तिस्माको अर्थ के हो ?**
- **यदि कसैले पश्चाताप नगरी बप्तिस्मा लियो भने के हुन्छ ? के तिनीहरु खष्टियान हुन् ? किन होइनन्**
- **परिवर्तन भएर परमेश्वरलाई प्रेम गर्छन् भन्दैमा कोही खीष्टियान बन्न सक्दैनन् किनकि चेला हुनको लागि आज्ञा पालन गर्नुपर्छ ।**

## ❖ हिब्रु/Hebrews 2:1

**यसकारण जे सुनेका छौं त्यसमाथि हामीले अझ बढ़ी ध्यान दिनुपर्छ, नत्रता हामी त्यसबाट बहकिएर जानेछौं।**

हामी येशूबाट बहकेर जाने सम्भावना हुन्छ । यो निर्णय भनेको तपाइको जीवनभरीको लागि हो । मण्डली येशूको शरीर हो र यदि तपाइले मण्डली छोड्नुभयो भने परमेश्वरलाई पनि छोड्नुहुन्छ ।

- यदि अरु कसैले मण्डली छोड्नुभयो भने तपाइ के गर्नुहुन्छ ?
- तपाइ आफैलाई परमेश्वरबाट बहकेर जान रोक्नको लागि के गर्नुहुन्छ ?

**केही ध्यान दिनुपर्ने कुराहरु तल उल्लेखित छन् ;**

### 1. बिहानीको शान्त समय

- तपाई आफ्नो दैनिक प्रार्थना र बाइबल अध्ययनमा कस्तो गर्दै हुनुहुन्छ ?
- तपाइले आफ्नो बाइबल अध्ययनबाट के सिक्दै हुनुहुन्छ ?

### 2. पाप स्वीकार र खुलापन ( १ यूहन्ना/1 John 1:8-10 )

**यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। यदि हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन।**

- आफ्नो बारेमा खुला भएर पाप स्वीकार गर्नु महत्वपूर्ण कुरा हो ।
- हामी कोही पनि सिद्ध छैनौं । जब हामी विश्वाससाथ येशूलाई पछ्याउँछौ, उहाँले निरन्तर रुपमा हाम्रो पाप क्षमा गर्नुहुन्छ । तर हामी खुला भएर पाप स्वीकार गर्नुपर्छ ।

- तपाइ कस्ता कस्ता मुख्य पापहरुमा सँघर्ष गर्नुहुन्छ ? तपाइ ती पापहरुलाई त्याग्न भविष्यमा के गर्नुहुन्छ ?
- तपाइको मण्डलीमा को को साथीहरु छन्, जो सँग तपाइ खुला भएर पाप स्वीकार गर्न सक्नुहुन्छ ?

## 3. नम्रता ( हिब्रु/Hebrews 13:7, 17 )

**आफ्ना अगुवाहरूको सम्झना राख, जसले परमेश्वरको वचन तिमीहरूलाई सुनाए। तिनीहरूका जीवनको परिणामलाई ध्यान देओ, र तिनीहरूका विश्वासको अनुकरण गर।**

**तिमीहरूका अगुवाहरूको आज्ञापालन गर, र तिनीहरूका अधीनमा बस। किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरूले तिमीहरूका प्राणको हेरचाह गर्छन्। यो काम तिनीहरूले आनन्दसाथ गरून्। दुःख मानेर होइन, नत्रता त्यसबाट तिमीहरूलाई कुनै लाभ हुँदैन।**

- नम्र हुनु र सल्लाह लिनु महत्वपूर्ण कुरा हो । जब कसैले सच्च्याउँछ, हामीमा नम्रता हुनु जरुरी छ ।
- चेलाको रुपमा तपाइका मुख्य कमजोरीहरु के के छन् ?

## 4. एकअर्काबीचको सम्बन्ध

- मण्डलीको दाजुभाई तथा दिदीबहिनीहरु सँग राम्रो सम्बन्ध बनाउनु पर्दछ। आफैले सम्बन्धको शुरुवात गर्न सिकौँ ।

## 5. विवाह

- खीष्टियानले खीष्टियानसँग बिबाह गर्नुपर्दछ । किन ?
- यदि तपाइको परिवारले तपाइको लगि विबाहको तयारी गरे भने तपाइ के गर्नुहुन्छ ?
- के तपाइले आफ्नो केटा वा केटी साथीसँग सम्बन्ध तोड्नुभयो ? यदि ऊ फेरी फर्केर आयो भने तपाइ के गर्नुहुन्छ ?
- विवाहको बारेमा जहिले पनि सल्लाह लिनु जरुरी हुन्छ ।

## 6. सतावट ( २ तिमोथी/2 Timothy 3:12)

**ख्रीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरू सबै जना सतावटमा पर्ने नै छन्,**

- यदि तपाइ सतावटमा पर्नुभयो भने के गर्नुहुन्छ ?
- के तपाइले सबै पुराना मुर्तिपूजा, सँस्कार र चालचलनहरु छोड्नुभयो ? यसमा लाग्नु किन गलत हो?

- तपाइको चेला बन्ने निर्णयप्रति परिवारको कस्तो प्रतिक्रिया छ ? यदि उहाँहरु भविष्यमा नकारात्मक हुनुभयो भने तपाइ के गर्नुहुन्छ ?
- यदि तपाइलाई परिवारले पिट्यो, घरमा थुनेर राखिदियो वा हँगामा गऱ्यो भने तपाइ के गर्नुहुन्छ ?
- घरमा तपाइको आफ्नो जीवन कस्तो छ ? के तपाइ आफ्नो परिवारलाई मदत गर्नुहुन्छ ?

## 7. प्रतिबद्धता

- के तपाइ मण्डलीको हरेक संगति वा भेटघाटहरुमा सहभागी हुन तयार हुनुहुन्छ ? के हामी अरु मण्डलीहरुमा उपस्थित हुन सक्छौं ? किन हुँदैन ?
- के हामी मण्डली नभएको शहरहरुमा बसाई सर्न सक्छौं ?
- के तपाई शहरबाट बाहिर जाने योजनामा हुनुहुन्छ ? कति समयको लागि ?
- यदि हामी संगति बाट टाढा भयो भने, हामी आत्मिक रुपमा कमजोर हुन्छौं र परमेश्वरबाट टाढा हुन्छौं । यसैकारणले धेरै मानिसहरु परमेश्वरबाट टाढा भएका छन् ।

## 8. पेशा /आर्थिक जीवन

- तपाई चेला भएको कारणले आफ्नो काम वा पेशामा राम्रो गर्नुपर्छ । हामी हरेक दिन काममा जाने, मेहनत गर्ने, समयमा आउने जाने, अरुसँग मिल्ने गर्नुपर्दछ । यदि तपाई विद्यार्थी हुनुहुन्छ भने मेहनत गरेर पढ्नुपर्दछ । हामीले घरमा पनि मदत गर्नुपर्दछ ।
- तपाई आफ्नो काममा कस्तो गर्दै हुनुहुन्छ ? के तपाई लाई झुट बोल्न लगाउँछन् ?
- तपाईको आफ्नो पढाइ कस्तो चल्दै छन् ? के तपाई मेहनत गर्दै हुनुहुन्छ ?
- के तपाई परमेश्वरलाई आफ्नो आम्दानी बाट दशांश दिन तयार हुनुहुन्छ ?

## 9. मण्डलीमा सेवा गर्ने

- तपाईलाई चेला बन्नको लागि अरुले कसरी मदत गरे ? के तपाईले तिनीहरुलाई धन्यबाद दिनुभयो र प्रशँसा गर्नुभयो ?
- तपाईले मण्डलीमा अरुलाई कसरी सेवा गर्न सक्नुहुन्छ ? तपाई मण्डलीमा के कस्ता जिम्मेवारीहरु लिन चाहनुहुन्छ ?

**निष्कर्षमा : म तपाईलाई कसरी असल चेला बन्ने भन्ने कुरामा चुनौती दिन चाहन्छु । यो निर्णय भनेको जीवनभरको लागि हो । तपाई एक दुइ महिनामा वा बर्षमै सँगतिमा नआउने, वा पुरानै पापमा फर्किने गरेको म देख्न चाहन्न । यदि तपाइको निर्णयमा केही शँका वा अप्ठ्यारा छन् भने तपाई तयार नभएसम्म हामी पर्खन सक्छौं ।**

# १३. पवित्र आत्माको अध्ययन

**उदेश्य : बप्तिस्मा पछि पवित्र आत्माको वरदान पाउँछौ भनी उत्प्रेरणा दिने । बप्तिस्मा पछि हामी पवित्र आत्माको सहायताले जिउनेछौँ । उहाँले बप्तिस्मा लिएका हरेक चेलाहरुको जीवनमा शक्तिशाली रुपमा काम गर्नुहुन्छ ।**

## 1. प्रेरित/Acts 2:36-38

**"त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।" यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने?" पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।**

बप्तिस्माको समयमा हामीले पवित्र आत्मा पाउछौँ । पवित्रआत्मा एक बरदान हो ।

## 2. यूहन्ना/John 16:7-8

**तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु। अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ।**

- येशूले सल्लाहकार पठाउने प्रतिज्ञा गर्नुभएको थियो । पवित्रआत्मा हामीलाई पाप, धार्मिकता र न्यायको बारेमा विश्वस्त पार्न पठाउनुभएको हो ।

## 3. एफिसी/Ephesians 1:13-14

**तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ।**

- जब हामी ख्रीष्टियान बन्छौँ, हामीलाई पवित्रआत्माको छाप लगाउनुहुन्छ । पवित्रआत्मा हामीलाई मुक्तिको लागि बैनाको रुपमा दिनुभएको छ ।

## 4. एफिसी/Ephesians 3:16

**म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्,**

हामी पवित्रआत्माको शक्तिद्वारा मजबुत पारेका छौँ ।

## 5. रोमी/Romans 8:9, 15-16

**यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पापमय स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ। तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन।**

**किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौं, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो।**

- वचन/Verse 9 अनुसार, यदि तपाइमा पवित्रआत्मा हुनुहुन्न भने तपाइ ख्रीष्टको हुनुहुन्न ।
- हामीले पुत्र हुने सौभाग्यको आत्मा पाएका छौँ । पवित्रआत्माले हामी परमेश्वरका सन्तान हौ भनी प्रमाण दिनुहुन्छ ।

## 6. रोमी/Romans 8:26-27

**त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ। र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ।**

पवित्रआत्माले हाम्रो कमजोरीहरुमा मदत गर्नुहुन्छ । पवित्र आत्माले हाम्रो निम्ति मध्यस्थकर्ताको काम गर्नुहुन्छ ।

## 7. १ कोरिन्थी/1 Corinthians 6:19-20

**तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ। तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।**

तपाइको शरीर पवित्रआत्माको मन्दिर हो। उहाँ तपाइभित्र बस्नुहुन्छ, त्यसैले हामीले आफ्नो शरीरले परमेश्वरको आदर गर्नुपर्छ ।

## 8. २ कोरिन्थी/2 Corinthians 3:17-18

**अब प्रभु आत्मा हुनुहुन्छ, अनि जहाँ प्रभुका आत्मा हुनुहुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ। हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।**

पवित्रआत्माले हामीलाई येशूको स्वभावमा परिवर्तन हुनको लागि निरन्तर रुपमा मदत गर्नुहुन्छ ।

## 9. गलाती/Galatians 5:16-18, 22-23

**तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड़, र पापमय स्वभावका लालसा पूरा नगर। किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति यीचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्। तर यदि तिमीहरू पवित्र आत्माद्वारा डोर्याइएका हौ भनेता तिमीहरू व्यवस्थाको अधीनमा हुँदैनौ।**

**तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन।**

- वचन/Verse 16, हामी पवित्रआत्मा अनुसार जिउनुपर्छ ।
- वचन/Verse 18, हामी पवित्रआत्माद्वारा अगुवाइ हुनुपर्छ । यदि हामी पवित्रआत्माद्वारा अगुवाइ भयो भने हामीले पवित्रआत्माको फलहरु फलाउन सक्छौं ।

**निष्कर्षमा : हामी पवित्र आत्मामा निर्भर हुनु जरुरी छ जो परमेश्वरले हामीलाई बप्तिस्माको दिनमा दिनुभएको थियो, र आफ्नो जीवनमा उहाँको फलको खोजी गरौं ।**